मजदुर विज्ञापन शाखा
नागाँचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ८४ ★ ने. सं. ११४६ चौला गा, औँसी ★ शुक्रबार ★ ४ वैशाख, २०८३ ★ April 17, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## भदौ २३ र २४ गतेको घटनाबारे सम्बन्धित व्यक्तिसँगको बयानको सार:-

पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा २०८२ भदौ २७ गते गठन भएको निर्वाचन सरकारले २०८२ असोज ५ गतेको दिन २०८२ भदौ २३ र २४ गतेको 'जेनजी आन्दोलन' को क्रममा काठमाडौँलगायत देशको जिल्ला जिल्लामा भएको भौतिक एवम् मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगले सम्बन्धित व्यक्तिसँग लिएको बयानको सार सङ्क्षेपले सो घटनाबारे केही अनुमान गर्न सहज हुने देखिन्छ । राष्ट्रपतिदेखि केही उच्च पदाधिकारीहरूसँग लिएको बयानको सार सङ्क्षेप यहाँ प्रकाशित गरिएको छ ।

यो प्रतिवेदनमा भदौ २३ गतेको हत्याको मात्र छानबिन र दोषीलाई कारबाहीको सिफारिस भयो र भदौ २४ गतेको देशभरि आगजनीको छानबिन गरिए पनि कारबाहीको सिफारिस नभएकोमा र सो प्रतिवेदन निर्वाचनअगाडि सार्वजनिक नगरिएकोमा आलोचना भइरहेको छ । यसकारण, यससम्बन्धी राष्ट्रिय मानव अधिकार आयोगको तयारी प्रतिवेदन सार्वजनिक हुनुपर्ने आवाज पनि उठिरहेको छ । यो प्रतिवेदन पनि निर्वाचन अगाडि नै सार्वजनिक हुनुपर्ने थियो ।

**राष्ट्रपति रामचन्द्र पौडेल** - तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको राजीनामा स्वीकृतिका लागि दिउँसो करिब २:४५ बजेको समयमा पत्र आएको र करिब २:५० बजे प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएपछि करिब ३:०० बजे हामी राष्ट्रपति निवासबाट नेपाली सेनाको सुरक्षित स्थानमा गएका थियौँ ।

संविधानका कारण मुलुकमा समस्या आएको होइन । कार्यकारी भूमिकामा रहने पदाधिकारीमाथि उठेका प्रश्नहरूको समयमा सुधार गर्ने दायित्व प्राप्त व्यक्ति तथा संस्थाले पूरा गर्न नसकेको कारण समस्या आएको हुन सक्दछ ।

समयमै राजनीतिक निकास निकाल्न सकेको भए सायद त्यस दिन कम क्षति हुन्थ्यो कि भन्ने परिकल्पना गर्न सकिन्छ ।

**तत्कालीन प्रम केपी शर्मा ओली** - भदौ २३ र २४ गते देशमा अकल्पनीय र बर्बरतापूर्ण घटना घट्यो । आन्दोलनको फाइदा घुसपैठ समूहलाई भएको थियो । जेनजीहरूले आफ्ना मागहरू अपहरण भयो, हाम्रो उद्देश्य यस्तो थिएन भनेकै छन् ।

भदौ २२ गते राति छलफलमा सुरक्षा निकायबाट ६-७ हजार जेनजी आई शान्तिपूर्ण हुने भनिएको हो ।

भदौ २४ गते मैले राजीनामा दिएको छु । म बाधक भएको कारणले त्यो आन्दोलन भएको भए मेरो राजीनामा पछि सबै ठीक हुनुपर्ने तर भएन छ ?

**नेकाका शेरबहादुर देउवा** - भदौ २४ गते बिहान १० बजे प्रदर्शनकारीहरू मेरा निजी निवासमा भेला भई नाराबाजीसहित हामी माथि हातपात भयो । हामी राति १०:०० बजेतिर सुरक्षित स्थानमा पुग्यौं ।

यो नितान्त षड्यन्त्र हो, तर कसले गऱ्यो थाहा भएन । तोडफोड, लुटपाट, आगजनी गर्ने जो कोहीलाई कारबाही गर्नुपर्छ ।

**माओवादीका पुष्पकमल दाहाल** - भदौ २४ गते बिहान सिंहदरबार सर्वदलीय बैठकमा सहभागी भएँ र परिस्थिति जटिल बन्दै गएपछि अपराह्न सुरक्षा निकासको सुरक्षामा बसेँ । भदौ २४ गते उक्त आन्दोलनको स्वरूप बदलिएको र गलत तत्त्वहरूले उपयोग गरेको निष्कर्षमा पुगेको छु ।

युवाहरूले भदौ २३ गते नै आन्दोलनमा घुसपैठ भएको भन्दै घर फर्कन आग्रह गरेका थिए । भदौ २४ गतेको घटनामा आन्तरिक तथा बाह्य घुसपैठको सम्भावना देखिन्छ ।

**तत्कालीन सभामुख देवराज घिमिरे (एमाले)** - भदौ २३ गते केही प्रदर्शनकारी संसद् भवन परिसरभित्र प्रवेश गर्न सफल हुनुको कारण सुरक्षाकर्मीको अनुमानभन्दा धेरै सङ्ख्यामा र फरक स्वरूपमा आन्दोलनकारी उत्रिनु, सुरक्षा तयारी पर्याप्त नहुनु र सुरक्षा निकायबिच प्रभावकारी समन्वय नहुनु हो भन्ने मेरो बुझाइ छ ।

**राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल (माओवादी)** - भदौ २३ गते दिउँसो १:१५ बजे राष्ट्रियसभाको बैठक बोलाइएको थियो । अवस्था जटिल भएपछि बैठक स्थगित गराएँ । संसद् भवन नेपाल सरकारले निषेधित क्षेत्र घोषणा गरेको संवेदनशील क्षेत्र भएकाले यस्तो अवस्था उत्पन्न हुन्छ भन्ने कल्पना नै गरिएको थिएन । भदौ २४ गते प्रतिकूल परिस्थिति सिर्जना भएपछि म परिवारसहित सुरक्षा निकायकै घेराभित्र रहेको थिएँ ।

**तत्कालीन गृहमन्त्री रमेश लेखक (नेका)** - भदौ २२ गते साँझ बालुवाटारमा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको थियो । सबै सुरक्षा निकायबाट भदौ २३ गते सम्भावित हिंसाबारे सूचना प्राप्त भएको थिएन । राजनीतिक समूहको प्रदर्शन नभएकोले नेतृत्वविहीन हुनसक्ने जोखिमप्रति सतर्क रहन निर्देशन दिएको थिएँ । भदौ २३ गते बानेश्वरतर्फ प्रदर्शन हिंसात्मक हुँदै गएको जानकारी पाउनासाथ मैले प्रम, रक्षामन्त्री, प्रधानसेनापतिलाई जानकारी गराएँ । भदौ २४ गतेको घटनालाई युवाको मागभन्दा पृथक ढङ्गले हेर्नुपर्छ र आपराधिक कार्यमा संलग्न जो कोहीलाई कानुनबमोजिम कारबाही हुनुपर्छ ।

**रास्वपाका रवि लामिछाने** - भदौ २३ गतेसम्म (नख्खु) कारागारको अवस्था सामान्य नै थियो । भदौ २४ गते दिउँसो १२:३० बजे कारागारका नाइकेहरूले मलाई बाहिर असामान्य भएको र परिवारको जिम्मा लगाई बाहिर पठाउनुपर्ने जानकारी गराए ।

वास्तवमा मलाई कारागार प्रशासनकै निर्देशनमा भिडको जिम्मा लगाइयो र बाहिर पठाइयो । भदौ २८ गते म पुन: नख्खु कारागार फर्किएँ ।

**कामनपाका तत्कालीन मेयर बालेन्द्र साह** - भदौ २३ गतेको शान्तिपूर्ण ऱ्यालीमा मेरो समर्थन थियो तर आन्दोलनमा थिएन । महानगर प्रहरीले पानी वितरण गरेको हो । भदौ २३ गतेको घटना

*बाँकी पृष्ठ २ मा*

सम्पदा जोगाऔं, पहिचान बचाऔं।

❖ ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
❖ सम्पदा क्षेत्रमा फोहोर नगरौं।
❖ पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
❖ स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं।
❖ सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
❖ पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
❖ अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
❖ पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पदा संरक्षण र पुन:निर्माण आउँदो पुस्ताको निम्ति हो, सम्पदा भनेको विदेशीको निम्ति होइन




भक्तपुर, ३ वैशाख । विश्व सम्पदा दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा बिहीबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले संरक्षणको अभावमा विश्वका धेरै सम्पदाहरूको विनाश भएको उल्लेख गर्दै हामीसँग भएका सम्पदाहरूको संरक्षण गर्दै जानुपर्ने बताउनुभयो । "हाम्रो सम्पदाहरूलाई जोगाउने प्रयास हामीले गर्छौं । सम्पदा संरक्षण र पुन:निर्माण आउँदो पुस्ताको निम्ति हो, सम्पदा भनेको विदेशीको निम्ति होइन," उहाँले भन्नुभयो ।

उहाँले पुर्खाले बनाएको सम्पदाहरूको संरक्षण भएकोले सोको अवलोकन गर्न पर्यटकहरू आएको बताउँदै सम्पदाबारे नयाँ पुस्तालाई जानकारी दिन भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा सम्पदासम्बन्धी जानकारी समावेश गरेको स्पष्ट पार्नुभयो ।

उहाँले २०७२ सालको भूकम्पले क्षतविक्षत भएका भक्तपुरका सम्पदाहरूको पुन:निर्माणको लागि जर्मन सरकारबाट आर्थिक सहयोगको प्रस्ताव आए पनि सो अनुदान स्वीकार नगरेको बताउँदै भक्तपुरका १७१ वटा सम्पदाको पुन:निर्माण विदेशीको अनुदानबिना नै स्थानीय स्रोत साधनबाट सम्पन्न गरेको विचार व्यक्त गर्नुभयो ।

सम्पदाको संरक्षणमा स्थानीय जनताको अपनत्व हुने भएकोले स्थानीय उपभोक्तामार्फत भक्तपुरका सम्पदाहरूको पुनर्निर्माण कार्य हुँदै आएको उल्लेख गर्दै उहाँले भविष्यमा पनि स्थानीय उपभोक्तामार्फत नै सम्पदाको पुन:निर्माण हुने स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीले आफ्नो घर निर्माण गर्दा परम्परागत इँटा, काठका झ्याल ठोका प्रयोग गर्दा निश्चित प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको पनि उहाँले जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर अमूर्त सम्पदाको खानी हो । यहाँको अमूर्त सम्पदाहरूको संरक्षणमा भक्तपुर नगरपालिकाले विशेष कार्य गर्दै आएको छ । नगरपालिकाले ती अमूर्त सम्पदाहरूको संरक्षणको लागि भक्तपुर महोत्सव, विविध बाजा प्रतियोगिता, सांस्कृतिक गुरुहरूको सम्मान, सांस्कृतिक पदयात्रा, नृत्य प्रतियोगिता आदि सञ्चालन गर्दै आएको छ । भक्तपुर जात्रै जात्राको पनि सहर हो । यहाँ हरेक १५/१५ दिनमा कुनै न कुनै जात्रा पर्व भइरहने भएकोले पर्यटकलाई आकर्षित गर्नुपर्छ ।"

नेपाल प्राकृतिक रूपले धनी तथा सांस्कृतिक रूपले सम्पन्न भए पनि

*बाँकी पृष्ठ ८ मा*

## भक्तपुर नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका विद्यालयहरू पूर्ववत् रूपमै सञ्चालनमा रहने

भक्तपुर, ३ वैशाख । भक्तपुर नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका विद्यालयहरू पूर्ववत् रूपमै सञ्चालनमा रहने भएका छन् ।

नगर कार्यपालिकाको वैशाख ३ गते बिहीबार बसेको बैठकले सामुदायिक, संस्थागत तथा गुठीअन्तर्गतका सम्पूर्ण विद्यालयहरू पूर्वनिर्धारित शैक्षिक क्यालेन्डरअनुसार सञ्चालन गर्ने निर्णय गरेको हो ।

यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरले चैत २६ गतेको पत्रमार्फत नेपाल सरकार मन्त्रिपरिषद्को चैत २२ गतेको निर्णयअनुसार २०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेदेखि सुरू गर्ने तथा शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था कार्यान्वयन गर्न परिपत्र गरेको थियो ।


तर, भक्तपुर नगरपालिकाभित्रका विभिन्न विद्यालयका प्रतिनिधिहरू, सार्वजनिक विद्यालय सामूहिक परीक्षा समिति, संयुक्त परीक्षा समिति, आधारभूत विद्यालय समिति तथा संस्थागत विद्यालय सङ्घ नेपाल (इसान), निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन), पेट्सान, हिसानलगायतले दुई दिन बिदा दिँदा पठनपाठनका दिन घट्ने र पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको क्रेडिट आवर पूरा गर्न कठिनाइ हुने निष्कर्ष निकाल्दै आइतबार पनि विद्यालय सञ्चालन गर्नुपर्ने माग गरेका थिए ।

यसै विषयमा भक्तपुर जिल्ला अभिभावक सङ्घले आइतबार विद्यालय सञ्चालन गर्नुपर्ने र वैशाख १ गतेदेखि नै शैक्षिक सत्र सुरू गर्नुपर्ने मागसहित नगरपालिकामा ज्ञापनपत्र बुझाएको थियो ।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) अनुसार एक शैक्षिक सत्रमा २२० कार्य दिन हुनुपर्ने व्यवस्था छ । साथै, सर्वोच्च अदालतको २०८२ चैत २० गतेको आदेशलाई समेत नगरपालिकाले ध्यान दिएको थियो ।

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो





**बिस्का जात्रा - टोखा**

काठमाडौँको टोखामा बिहीबार बिस्का जात्रा मनाउँदै स्थानीय बासिन्दा । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# पेट्रोलियम पदार्थको पुनः मूल्यवृद्धि

काठमाडौँ, ३ वैशाख । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ ।

निगमले आज मध्यराति अर्थात् अहिले १२:०० बजेदेखि लागू हुने गरी डिजल, मट्टीतेल र हवाई इन्धनमा आन्तरिकतर्फ मूल्यवृद्धि गरिएको जनाएको छ । नयाँ मूल्यसूचीअनुसार डिजल/मट्टीतेलमा प्रतिलिटर रु. ३० र हवाई इन्धनमा प्रतिलिटर रु. पाँच वृद्धि गरिएको छ ।

परिवर्तित मूल्यअनुसार, डिजल/मट्टीतेलको प्रतिलिटर रु. २३७ पुगेको छ भने हवाई इन्धनको मूल्य प्रतिलिटर रु. २५६ पुगेको छ ।

अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि भएको र इन्डियन आयल कर्पोरेसनले पठाएको नयाँ मूल्यसूचीअनुसार हिसाब गर्दा अझै अत्यधिक घाटा रहेको निगमको दाबी छ । लागत मूल्य बढी र बिक्री मूल्य कम भएकाले मूल्य समायोजन गर्दासमेत पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ ३२ पैसा, डिजलमा प्रतिलिटर ८७ रूपैयाँ ९९ पैसा, मट्टीतेलमा ३६ रूपैयाँ ७० पैसा र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर ३३१ रूपैयाँ २५ पैसा घाटा कायम रहेको निगमले जनाएको छ ।

पाक्षिक रूपमा करिब रु. सात अर्ब ८१ करोड ६१ लाख बराबरको घाटा रहेको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख गरेको छ । ***(रासस)***

# अभिभावक सङ्घद्वारा सूर्यविनायक र चाँगुनारायणमा पनि ज्ञापन पत्र

भक्तपुर, ३ वैशाख । अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष रामकृष्ण प्रजापतिको नेतृत्वमा गएका अभिभावकहरूले मन्त्रिपरिषद्को २०८२ चैत १२ गतेको वैशाख १५ गतेदेखि भर्ना अभियान र २१ गतेदेखि कक्षा सञ्चालन गर्ने निर्णय तथा २०८२ चैत २३ गतेको सम्पूर्ण शैक्षिक संस्थामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिने निर्णय अव्यवहारिक भएको भनी सूर्यविनायक नगरपालिका र चाँगुनारायण नगरपालिकामा बिहीबार ज्ञापनपत्र बुझाए ।

ज्ञानपपत्र बुझाउँदै अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष रामकृष्ण प्रजापतिले हरेक वर्ष भर्ना अभियानको समयमा विभिन्न झमेलाहरू उत्पन्न गरी अभिभावकहरूलाई विदेशमा पढाउन पठाउन बाध्य पार्ने कामहरू भइरहेको बताउँदै संविधानमै माध्यमिक विद्यालय सञ्चालन एकल अधिकार स्थानीय तहको भएको बताउँदै सङ्घ सरकारले निर्णय थोपर्नु स्वायत्तता र विकेन्द्रीकरणको सिद्धान्तविपरीत भएको बताउनुभयो । उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति, आर्थिक मन्दी र अमेरिका-इजरायलले इरानमाथि गरेको आक्रमणको कारण अभिभावकहरूको मजदुरी, नोकरी, व्यापार-व्यवसाय आदि कामले खान लाउन धौ धौ परेको अवस्थामा कामदार अभिभावकहरूका लागि बिदाको दिनमा बालबालिकाको हेरचाह, निगरानी कसले गर्ने भन्ने चिन्ताका साथै बिहान ९ बजेदेखि विद्यालय सञ्चालन गर्दा मजदुरी गर्ने अभिभावकहरू आफ्नो काम छोडेर बालबालिकाहरूलाई ७ बजे नै तयार गर्नुपर्ने अवस्थाले रोजिरोटीसमेत गुम्ने सम्भावना रहेकोले आइतबारको बिदा दिनु उचित नभएको बताउनुभयो ।

ज्ञापनपत्र बुझ्दै सूर्यविनायक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यले विदेशमा दुई दिनको बिदा अभ्यासमा रहेकोले नमुनाको रूपमा प्रयोग गर्न खोजेको हुनसक्ने बताउनुभयो । उहाँले जायज माग र काम गरी खाने अभिभावकको समस्याबारे प्रमुखसमक्ष पेस गरी शिक्षा समितिमा छलफल गरेर निर्णय गर्ने बताउनुभयो ।



त्यस्तै ज्ञापनपत्र बुझ्दै चाँगु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले सरकारको निर्णयअनुसार कर्मचारीले काम गर्नुपर्ने बाध्यता रहेको बताउँदै ज्ञापनपत्रबारे प्रमुखमा पेस गरी शिक्षा समितिमा छलफल गर्ने बताउनुभयो । शिक्षा निर्देशक जनार्दन रिजालले आर्थिक वर्षको सत्र र शैक्षिक सत्र एउटै बनाउन पनि यो भर्ना अभियान र कक्षा सञ्चालन पछाडि पार्दै मिलाउन खोजेकोले यस्तो निर्णय आएको बताउँदै ज्ञापनपत्र शिक्षा मन्त्रालय पुऱ्याइदिने बताउनुभयो ।

उक्त ज्ञापनपत्र बुझाउने कार्यक्रममा सान्तराम दुलालले बिदाको समयमा बालबालिकहरूमा मोबाइल र टीभीको कुलतमा परेर अध्ययनबाट टाढा हुने र एकोहोरो हुने जोखिम छ भने अतिज्म हुने र धेरै बिदाले विद्यार्थीहरूको पढाइ बिग्रन सक्ने र बानी–व्यवहार बिग्रेर कुलतमा फस्ने बताउनुभयो ।

कार्यक्रममा सहसचिव राजकुमार लघुले शिक्षा मन्त्रालयको सूचनाअनुसार १५ गतेदेखि भर्ना अभियान र २१ गतेदेखि पढाइ सुरु गर्ने निर्णय व्यवहारिक नभएको हुँदा बालबालिकाको पढाइ बिग्रिने सम्भावनालाई मध्यनजर गरी नयाँ सत्र वैशाख सङ्क्रान्तिदेखि सुरु गर्नुपर्ने माग गर्नुभयो ।

कार्यक्रममा अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्यसमितिका सचिव आशराम सुवाल र कोषाध्यक्ष कृष्णप्रसाद दुमरुको पनि उपस्थिति थियो ।

***भदौ...***

सरकारको अत्यधिक बल प्रयोग र आतङ्कवादी शैलीकै नतिजा हुनसक्छ । भदौ २४ गतेको घटना दुःखद थियो । राष्ट्रपति र सेनापतिको आग्रहमा आन्दोलन शान्त पार्ने मेरो भूमिका रहेको थियो । तत्कालीन सरकारले अपराध र आतङ्कवादी क्रियाकलाप गरेको हो । सम्पूर्ण क्षतिको जिम्मा तत्कालीन सरकार र सहभागी दलले लिनुपर्छ । फेसबुकमा अभिव्यक्ति दिएकोमा 'जलाइदिन्छु' शब्द भएको थिएन ।

**तत्कालीन मुख्य सचिव एकनारायण अर्याल** - भदौ २३ गते राति १० बजे बालुवाटारमा प्रमको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को ३९ औँ बैठक बस्यो । बैठकमा डिस्कोर्ड, रेडिटलगायत सामाजिक सञ्जालबाट हिंसा, आगजनी हुने ठोस गुप्तचर सूचना प्रस्तुत भएन । सेवाप्रवाह कमजोर हुनु, कर्मचारीतन्त्रलाई राजनीतीकरणको नाममा सरकारी पक्षधर बनाइनुले जनआक्रोश बढेर भदौ २३ र २४ गतेको घटना घटेको हुन सक्छ भन्ने मेरो बुझाइ छ ।

**तत्कालीन गृहसचिव गोकर्णमणी दुवाडी** - भदौ २३ गते करिब ११-१२ बजेतिर प्रदर्शनकारी सुरक्षा घेरा तोडी संसद् भवनभित्र प्रवेश गरेको जानकारी पाएँ । कर्फ्यु आदेशपछि काठमाडौँका प्रमुख जिल्ला अधिकारीले नेपाली सेनाको सहयोग माग गर्दै समन्वयका लागि अनुरोध गरेकाले तत्कालै प्रधानसेनापतिलाई दुईपटक फोन गरी सहयोगका लागि आग्रह गरेँ ।

भदौ २४ गते प्रमको राजीनामापछि सुरक्षा निकायका प्रमुखहरू सैनिक मुख्यालय भद्रकालीमा बसेर समन्वयमा जुट्यौँ । भदौ २३ र २४ गतेको घटना आर्थिक सामाजिक अवस्था र सेवाप्रवाहको प्रभावकारीतासँग जोडेर हेर्नुपर्दछ भन्ने मेरो धारणा छ ।

**काठमाडौँका तत्कालीन प्रजिअ छविलाल रिजाल** - भदौ २३ गते मैले घुँडाभन्दा तल लक्षित गरी रबरको गोली चलाउने मौखिक आदेश दिएको भए पनि अन्तिम बल अर्थात सिधै गोली चलाउने आदेश दिएको थिएन । तर, सोही तनावपूर्ण अवस्थामा प्रहरीको रेडियो सेवाबाट पहिले प्रहरी महानिरीक्षक र त्यसपछि काठमाडौँ उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुखले 'आवश्यकताअनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नु' भन्ने आदेश दिएको मैले सुनेको थिएँ । यो मुलुकमा लामो समयदेखि रहेका अन्याय र असमानताको परिणाम हो । फिल्डमा खटिएका सशस्त्र प्रहरी बल र अन्य सुरक्षाकर्मीबाट अपेक्षित सहयोग खुलेर नपाएको गुनासो पनि नेपाल प्रहरीका अधिकृतहरूबाट मैले सुनेको छु ।

**कारागार व्यवस्थापन विभागका महानिर्देशक लीलाप्रसाद शर्मा** - भदौ २४ गते देशका ३४ कारागारमा समान प्रकृतिका घटना भए । २८ कारागारबाट १४,५५४ जना कैदीबन्दी फरार भए । आन्दोलनको क्रममा पनि लामिछानेलाई छोड्ने पत्रबारे जेलरले धम्कीमा दस्तखत गरेको जानकारी मात्र विभागलाई प्राप्त भयो । अझै ४,८४१ जना फेरि फरार छन् ।

**कारागार कार्यालय नख्खु ललितपुरका प्रशासक (जेलर) सत्यराज जोशी** - भदौ २४ गते दिउँसो करिब १३:४० बजे हजारौँको संख्यामा प्रदर्शनकारीहरूले 'रवि लामिछानेलाई छोड' भन्ने नारासहित ढुङ्गामुढा गर्दै आक्रमण सुरू गरे । रवि लामिछानेले 'भिडलाई सम्झाउने प्रयास गर्छु' भनी माइक माग्नुभयो तर भिडले उहाँलाई कारागारबाट बाहिर लग्यो ।

**जिल्ला प्रशासन कार्यालय काठमाडौँका सहायक प्रजिअ मुक्तिराम रिजाल** - भदौ २२ गते केही सामाजिक सञ्जालहरूमा प्रतिबन्ध लगाइएको विरोधमा शान्तिपूर्ण प्रदर्शन गर्ने भनी सुदन गुरूङ, पुरूषोत्तम यादव र आकृति मल्लले निवेदन दिएका थिए । भदौ २३ गते बिहान ११ बजेतिर बानेश्वरको ब्यारिकेड तोडेर प्रदर्शन अगाडि बढेको सीसीटीभीमा देखेको थिएँ । प्रदर्शन नियन्त्रण गर्न सुरक्षाकर्मी अपुग भएकाले नेपाली सेनाबाट थप सहयोग माग गरिएको थियो । प्रदर्शनकारीहरूबाट सो आदेशको पालना नहुँदा स्थिति नियन्त्रण बाहिर गई क्षति हुन पुगेको थियो । दिनको १ बजेतिर जिल्ला प्रशासनको कमान्डसहित म गृहमन्त्रालय हुँदै नेपाली सेनाको सिंहदरबारस्थित निलबाराही गणमा पुगेका थिए ।

**प्रधानसेनापति अशोकराज सिग्देल** - भदौ २४ गते बिहान प्रम निवासमा भएको छलफलमा पहिलो, एमालेका पदाधिकारीको सुझावअनुसार थप मानवीय क्षति रोक्न राजनीतिक समाधानतर्फ जान राजीनामा उपयुक्त हुनसक्ने । दोस्रो, संवैधानिक रूपमा सिफारिस भएमा नेपाली सेना परिस्थिति नियन्त्रणका लागि पूर्णरूपमा तयार रहेको सुझाव दिएको । तर, प्रधानमन्त्रीले राजीनामा दिएपछि अवस्था झन अराजक भयो ।

भदौ २४ गते बिहान ५ बजेदेखि कर्फ्यु लगाउन नेपाली सेनाले सुझाव दिएको भएपनि काठमाडौँमा बिहान ८:३० बजेबाट मात्र कर्फ्यु घोषणा भयो ।

**सुदन गुरूङ 'हामी नेपाली' संस्था** - म लगायत संस्थाका स्वयम्सेवकहरू भदौ २३ गते बिहान ७ बजे माइतिघर मण्डलामा जम्मा भएका थियौँ । बानेश्वरमा प्रहरीले कर्फ्युको जानकारी माइकले दिइरहे पनि प्रदर्शनकारी धेरै हुँदा सुन्ने अवस्था थिएन ।

भदौ २४ गते प्रहरी महानिरीक्षक समेतले फोन गरी प्रधानकार्यालय जोगाई दिनुपऱ्यो भनेकोले डिस्कर्ड प्लेटफर्मको घोषणामार्फत हामी जम्मा भई जोगाएका थियौँ । हामी नेपाल संस्थाका स्वयम्सेवकहरूको नम्बरहरू नेपाली सेनालाई दिई संयुक्त रूपमा रातभरि काठमाडौँ उपत्यकामा खटेका थियो ।

**रक्षा वम (उज्वल थापा फाउन्डेसन)** - सामाजिक सञ्जालहरूमा भदौ २३ गते प्रदर्शन गर्ने प्रचार भइरहेका थिए । बिहान ८ बजेतिर म माइतिघर गएँ । सुदन गुरूङको समूह व्यवस्थापनको कार्य गरिरहेको थियो । प्रदर्शन लगभग ११:३० बजेतिर बानेश्वर पुग्यो । म केही पछाडि थिएँ । सुरक्षाकर्मीले फायर गरेको आवाज आउन थाल्यो । लगभग १-२ बजेतिरको समय हामी अनामनगरमा सुरक्षित भयौँ । बेलुकासम्म बानेश्वर क्षेत्र रणभूमिजस्तै भयो ।

भदौ २४ गते प्रदर्शनमा मादक पदार्थ सेवन गरेका व्यक्तिहरू प्रशस्त भेटिन्थे । राजावादी भनेर परिचय दिइ हिँड्ने व्यक्तिहरूसमेत देखिन्थ्यो । मलाई लाग्छ प्रदर्शनमा सबै राजनीतिक दलहरूको तर्फबाट सहभागिता थियो । बानेश्वरमा एकजना मादक पदार्थ सेवन गरेका व्यक्ति हातमा बन्दुक लिएर उच्छृङ्खल प्रवृत्तिले प्रस्तुत भइरहेका थिए ।

## हार्दिक समवेदना



यस न्हुजःटोल बचत समूहको ज्येष्ठ सदस्य **रामबहादुर कुटुव**को असामयिक निधन भएकोले गहिरो दुःख व्यक्त गर्दै आज दसौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जन्म : २००३।०४।२८**
**निधन : २०८२।१२।२५**

**न्हुजःटोल बचत समूह**
लिबाली-८, भक्तपुर

**महालक्ष्मी पेन्ट्स उद्योगको ठाउँसारी र क्षमता वृद्धि गरी स्थापना तथा सञ्चालनार्थ प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८३।०१।०४ गते, शुक्रबार**

वाग्मती प्रदेश भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं ८ मा महालक्ष्मी पेन्ट्स उद्योगको ठाउँ सारी तथा क्षमता वृद्धि गरी स्थापना तथा सञ्चालनार्थ महालक्ष्मी पेन्ट्स उद्योगले निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | महालक्ष्मी पेन्ट्स उद्योग, चाँगुनारायण नगरपालिका-८, घट्टेखोला, भक्तपुर |
| **प्रस्तावको व्यहोरा** | महालक्ष्मी पेन्ट्स उद्योगको ठाउँ सारी, क्षमता वृद्धि गरी स्थापना र सञ्चालन भई विभिन्न रंगहरूको उत्पादन र बिक्री वितरण गर्ने । |
| **प्रस्ताव कार्यान्वयन हुने जग्गाको विवरण** | भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका, वडा नं.-०८, (साबिक सुडाल गा.वि.स. वडा नं.-५, कित्ता नं १२६५, १२६३ र १३३२ |
| **प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका** | भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका, वडा नं.-८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | महालक्ष्मी पेन्ट्स उद्योग, चाँगुनारायण नगरपालिका-८, घट्टेखोला । फोनः ९८५१०६४५७०, ९८५१०२३०८१ इमेल : mpugroup@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | त्रि-नेत्र कन्सल्टेन्सी प्रा.लि., महालक्ष्मी-४, ललितपुर । फोनः ९८४१५०७२५६, इमेल : gtncpvt@gmail.com |

## सङ्क्षिप्त समाचार

## पर्सामा नागरिकतासँगै राष्ट्रिय परिचयपत्रका लागि बायोमेट्रिक लिइने

वीरगञ्ज (पर्सा), ३ वैशाख । जिल्ला प्रशासन कार्यालय पर्साले आजदेखि नयाँ नागरिकता प्राप्त गर्नासाथ राष्ट्रिय परिचयपत्रका लागि 'बायोमेट्रिक' लिने व्यवस्था सुरुआत गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले नयाँ नागरिकता लिने सेवाग्राहीलाई तत्कालै राष्ट्रिय परिचयपत्रको लागि 'बायोमेट्रिक' लिने व्यवस्था सुरुआत गरेको जानकारी दिनुभयो । "जिल्ला प्रशासन कार्यालयले नयाँ नागरिकता लिने सेवाग्राहीको लागि छुट्टै राष्ट्रिय परिचयपत्रको बनाउने स्टेशन थप गरेर बायोमेट्रिक लिने व्यवस्था गरेका छौँ", उहाँले भन्नुभयो, "यसअघि नागरिकता लिएपछि राष्ट्रिय परिचयपत्र बनाउनको लागि फेरि नयाँ प्रक्रियाबाट अघि बढ्दा सेवाग्राही दोहोरो आउनुपर्ने झन्झट हुने गर्थ्यो । अबदेखि भने नयाँ नागरिकता बनाउने सेवाग्राहीको तत्काले राष्ट्रिय परिचयपत्र बन्ने वातावरण बनेको छ । यसले पक्कै पनि सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज हुनेछ ।"

प्रजिअ दाहालले नयाँ नागरिकता लिएका सेवाग्राहीले कम्तीमा १० मिनेटको समय दिएर 'बायोमेट्रिक' दिएपछि राष्ट्रिय परिचयपत्र पनि प्राप्त गर्न सक्नुहुनेछ । पर्सा जिल्लाबाट दैनिक नयाँ नागरिकता लिने सेवाग्राहीको सङ्ख्या ५० देखि ६० जना रहेका छन् । यहाँ एकद्वार प्रणालीबाट नागरिकता र राष्ट्रिय परिचयपत्र वितरण हुँदै आइरहेको कार्यालयले जनाएको छ । प्रजिअ दाहालले प्रतिलिपि नागरिकता लिनेको हकमा भने केही समयपछि मात्रै सो व्यवस्था कार्यान्वयनमा आउने दाबी गर्नुभयो । *(रासस)*

## लागूऔषधसहित विभिन्न स्थानबाट १३ जना पक्राउ

काठमाडौँ, ३ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधसहित १३ जनालाई पक्राउ गरेको छ । उनीहरू बुधबार पक्राउ परेका हुन् ।

काठमाडौँ महानगरपालिका-१२ टेकु ब्रह्मटोलबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ५६० वटा ट्रामाडोल ट्याब्लेटसहित एक, ललितपुर महानगरपालिका-३ कृष्णगल्लीबाट २६७ वटा ट्रामाडोल ट्याब्लेटसहित दुई, सुनसरीको बराहक्षेत्र नगरपालिका-३ कालिन्द्र सामुदायिक वनबाट एक हजार ६१० वटा सोही ट्याब्लेटसहित दुई, हेटौँडा उपमहानगरपालिका-१० न्युरेनीबाट ट्रामाडोल ट्याब्लेटसहित एक जनालाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।

यसैगरी, बाँकेको खजुरा गाउँपालिका-२ बाट ब्राउनसुगरसहित दुई, कैलालीको धनगढी उपमहानगरपालिका-८ धनगढीगाउँबाट खैरो हेरोइनसहित एक, तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट एक, विराटनगर महानगरपालिका-१५ दुई नम्बर ढाटबाट एक र कपिलवस्तुको शिवराज नगरपालिका-६ वीरपुरबाट दुई जनालाई नियन्त्रणमा लिइएको छ । *(रासस)*

## कोइला सकिएपछि हेटौँडा सिमेन्ट उद्योगद्वारा उत्पादन बन्द

मकवानपुर, ३ वैशाख । हेटौँडा सिमेन्ट उद्योगले कोइलाको अभाव भएको जनाउँदै आज बिहानदेखि उत्पादन बन्द गरेको छ ।

करिब एक महिनाअघि मात्र सो उद्योग नियमित सञ्चालन ल्याइएको थियो । उद्योगले ३ हजार मेट्रिकटन कोइला खरिदका बोलपत्र आह्वान गरिसकेको छ । करिब २ हप्ता भित्र कोइला आइपुग्ने हेटौँडा सिमेण्ट उद्योगको सहायक प्रवन्धक विकास श्रेष्ठले बताउनुभयो । कोइलाको परीक्षण नतिजा अनुसार मात्र सिमेण्टको उत्पादनको समय निर्धारण हुने उहाँले जानकारी दिनुभयो । *(रासस)*

## कम्बोडियाबाट ४६ जना नेपालीको उद्धार

काठमाडौँ, ३ वैशाख । बैङ्ककस्थित नेपाली दूतावासले कम्बोडियाबाट ४६ जना नेपालीको उद्धार गरेको छ । उद्धार गरिएका सबै स्वदेश फर्केका छन् । विभिन्न माध्यमबाट कम्बोडिया पुगेका उनीहरूलाई गैरकानुनी काममा लगाइएको जानकारी प्राप्त भएपछि कम्बोडियाली सरकारको सहयोगमा उद्धार गरी स्वदेश फर्काइएको हो । उक्त दूतावासका अनुसार आकर्षक रोजगारी पाइने विश्वासमा सन् २०२१ मा १०१, २०२२ मा एक हजार ९७७, सन् २०२३ मा दुई हजार ९४०, सन् २०२४ मा छ हजार ४०४ तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया पुगेका थिए । साथै दूतावासले श्रम स्वीकृति नलिइ कम्बोडिया, लाओस, म्यानमार र थाइल्याण्ड नजान अनुरोध गरेको छ । *(रासस)*

## एकै दिन छपन्न व्यावसायिक फर्ममा अनुगमन

काठमाडौँ, ३ वैशाख । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौँका विभिन्न स्थानमा बुधबार एकैदिन ५६ व्यावसायिक फर्ममा अनुमगन अनुगमन गरेको छ । खाद्य पदार्थ तथा अन्य दैनिक उपभोग्य वस्तुको बिक्री-वितरण गर्ने फर्म, पसल तथा व्यावसायिक प्रतिष्ठानमा विभागले स्थलगत अनुगमन गरी कारबाहीको दायरामा ल्याइएको जनाएको हो ।

विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ,"बुधबार एकैदिन ५६ वटा व्यावसायिक फर्ममा अनुमगन गरी सुधारात्मक निर्देशन दिइएको छ । दैनिक उपभोग्य वस्तु तथा अन्य सामग्री बिक्री-वितरण गर्ने व्यावसायिक फर्म, पसलले बिल बीजक दिए/नदिएको, उपभोक्ताले देख्ने गरी मूल्यसूची राखेन/राखेको, कानुनअनुसार तिर्नुपर्ने कर तथा अन्य क्रियाकलाप गरे/नगरेको विषयमा जानकारी लिएको छ ।" उपभोक्ता अधिकारकर्मी तथा सरोकार भएकाहरूको उपस्थितिमा अनुगमन गरिएको विभागले जनाएको छ । *(रासस)*



बलभद्र खलङ्गा युद्ध स्मारक

देहरादुन (उत्तराखण्ड) मा अवस्थित नालापानी युद्धको स्मृतिमा स्थापित बलभद्र कुँवरको युद्ध स्मारक । *तस्बिर: किरणराज विष्ट/रासस*

# रगतको माग बढ्यो, दाता घट्दो : बिरामी समस्यामा

**- नारायण अधिकारी**

चितवन, ३ वैशाख । जिल्लामा रगतको माग बढ्दै जाँदा रक्तदाताहरूको सङ्ख्या बढ्न सकेको छैन । बर्सेनि रगतको माग क्रमशः बढ्दै गए पनि रक्तदान गर्नेहरूको सङ्ख्या भने बढ्न नसकेको हो ।

नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार जिल्लामा रगतको माग दैनिक माग बढ्दो छ । उहाँका अनुसार जिल्लामा दैनिक एकसय १५० युनिटसम्म रगतको माग हुने गर्दछ । यस आर्थिक वर्षको फागुनसम्ममा १६९ स्थानमा भएका रक्तदान कार्यक्रममा ११ हजार ५३२ युनिट र केन्द्रमा आएर दिएको सङ्ख्या तीन हजार १८१ छ ।

अघिल्लो आव २०८१/८२ मा २८७ स्थानमा भएका रक्तदानमा १८ हजार ५७७ युनिट र केन्द्रमा चार हजार ६४० युनिट रगत सङ्कलन भएको थियो । आव २०८०/८१ मा २९८ स्थानमा भएको रक्तदान कार्यक्रमबाट १८ हजार ४०९ युनिट र केन्द्रमा छ हजार ९२० युनिट रगत सङ्कलन भएको थियो । यसलाई हेर्दा केन्द्रमा आएर रक्तदान गर्नेहरूको सङ्ख्या घट्दो छ । गत वर्ष यहाँ ब्लड डोनर्स सोसाइटीले रक्तदान महोत्सव नै आयोजना गरी एक हजार ७१७ युनिट रगत सङ्कलन भएको थियो ।

प्रमुख पौडेलले देशैभरबाट बिरामी यहाँ आउने भएकाले रगतको माग बर्सेनि बढेको बताउनुभयो । रक्तदान गर्ने युवा जनशक्ति विदेश गएको, उमेर बढ्दै गएपछि उच्च रक्तचाप, मधुमेहजस्ता रोगका कारण रक्तदान गर्न नमिल्ने भएका कारण दाता घटेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "दाता घट्ने र माग बढ्ने हुँदा सन्तुलन मिलाउन कठिन हुने गरेको छ ।" यहाँ माग उच्च हुँदा छिमेकी जिल्लाहरूबाट समेत रगत ल्याउने गरिन्छ ।

केन्द्र सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी चितवन शाखाका सभापति हरि पौडेल छिमेकी १४ भन्दा बढी जिल्लाबाट सङ्कलन गरेर रगत ल्याउँदासमेत पुऱ्याउन नसकिएको बताउनुहुन्छ । यहाँ रहेका क्यान्सर अस्पताल, दुई मेडिकल कलेज, सरकार भरतपुर अस्पताल र निजी अस्पतालमा आउने घाइते र बिरामीहरूका लागि रगतको माग बढ्दा सन्तुलन मिलाउन नसकिएको उहाँले बताउनुभयो । राजधानी काठमाडौँपछि धेरै रगत चितवनमा चाहिने भन्दै उहाँले सबैको साथ र सहयोगबाट मात्रै रगतको पूर्ति गर्न सकिने बताउनुभयो ।

देशभर रक्तदानमा उत्प्रेरणा गर्दै आएको ब्लड डोनर्स सोसाइटी नेपालका अध्यक्ष अर्जुन अधिकारी रेडक्रस सोसाइटीले सञ्चालन गरेका केन्द्रहरूले व्यवस्थापकीय रूपमा सुधार गर्नसकेमा रक्त सङ्कलन बढ्ने बताउनुहुन्छ । केन्द्रले आम रक्तदाता र सङ्घ संस्थाहरूसँग समन्वयकारी भूमिका निर्वाह गरेर काम गर्नुपर्ने उहाँको सुझाव छ ।

विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा देशैभरिबाट बिरामी आउने गर्दछन् । सबैभन्दा बढी रगत क्यान्सर उपचारमा खपत हुने गर्दछ । यस्तै चितवन मेडिकल कलेजले क्यान्सर इन्स्टिच्युट सञ्चालन गरेको छ । जहाँ रगतको माग उच्च हुने गर्दछ ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा भोजराज अधिकारी रक्तदाताहरूलाई उत्प्रेरित गर्नुपर्ने बताउनुहुन्छ । विद्यालय र क्याम्पसका पाठ्यक्रमहरूमा रक्तदानको महत्त्वको बारेमा जानकारी गराउनु पर्ने भन्दै उहाँले रक्तदान गर्नेहरूलाई राज्यका तर्फबाट केही सहुलियत हुनुपर्ने बताउनुभयो । उहाँले आफूले सञ्चालन गरेको श्री पुष्पाञ्जली अस्पतालमा स्थापनाका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ जनाले रगत दिएकोमा १८ नयाँ भएको भन्दै उहाँले नयाँ रक्तदातालाई राज्यकै तर्फबाट उत्प्रेरित गर्नुपर्ने बताउनुभयो । *(रासस)*

# बाँकेमा व्यावसायिक वसन्ते मकै खेती

राँझा (बाँके), ३ वैशाख । नगदे बालीको रूपमा बिक्री हुन थालेपछि बाँकेका किसान बसन्ते मकैखेतीतर्फ आकर्षित भएका छन् ।

जिल्लाको राप्तीसोनारी गाउँपालिका, खजुरा गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिकाका किसानले अहिले धमाधम बसन्ते मकैखेती गर्न थालेको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार, जिल्लामा अहिले ५६ हेक्टर क्षेत्रफलभन्दा बढी जमिनमा बसन्ते मकैखेती भइरहेको छ । राप्तीसोनारी गाउँपालिकामा साकार कृषि सहकारी संस्थामार्फत ४६ हेक्टर र खजुरामा खजुरा लिफ्ट सिँचाइ जल उपभोक्ता समूहमार्फत १० हेक्टरमा व्यावसायिक रूपमै बसन्ते मकैखेती भइरहेको छ । डुडुवा र नेपालगञ्जका किसानले पनि खेती सुरु गर्नुभएको छ ।

"बसन्ते मकै उत्पादन हुनासाथ दाना उद्योगले खेतबाटै उठाउने भएकोले बिक्रीमा समस्या छैन, किसानले नगदे बालीका रूपमा यसलाई उपयोग गर्न थालेका छन्", सूचना अधिकारी पाठकले भन्नुभयो, "कृषि ज्ञान केन्द्रले सिञ्चत क्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमअन्तर्गत बसन्ते मकैखेती गर्ने किसानलाई बीउ र प्राविधिक सहयोग गरिरहेको छ, यसमा किसानको आकर्षण बढ्दै गएको छ ।"

कृषि ज्ञान केन्द्रले बसन्ते मकैखेती गर्ने किसानलाई मकै छोडाउने यन्त्र, फौजी किरा नष्ट गर्न सुरक्षित विषादी प्रयोगलगायतका तालिम दिँदै आएको पाठकले बताउनुभयो । किसानले उत्पादन क्षमता बढी भएको भारतीय बीउ प्रयोग गर्दै आएका छन् ।

कम मेहनत र लगानीबाट राम्रो मुनाफा हुने भएकाले यसतर्फ धेरै किसान आकर्षित भएको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्था लिका मुख्य व्यवस्थापक जमानसिंह वलीले बताउनुभयो ।

"मकैखेती वर्षमा तीन पटकसम्म गर्न सकिने भएकाले अन्य बालीभन्दा बढी आयआर्जन गर्न सकिन्छ । यसमा पानी कम लाग्छ, रोग-कीरा कम लाग्छ र दैनिक धेरै मिहिनेत पनि आवश्यक पर्दैन", वलीले भन्नुभयो, "मकैको डाँठ पशु चौपायाका लागि घाँसमा खपत हुने भएकाले दोहोरो रूपमा उपयोग गर्न सकिन्छ, कम जोखिम, राम्रो आम्दानी र दिगो सम्भावनाले मकैखेती बाँकेका किसानहरूको रोजाइ बन्दै गएको छ ।"

किसानको सहजताको लागि सहकारीले बसन्ते मकैखेती गर्ने किसानलाई कृषि ज्ञान केन्द्रको सहयोग तथा समन्वयमा बीउ, यन्त्र र प्राविधिक सहयोग तथा बजारीकरणको लागि काम गरिरहेको उहाँको भनाइ छ । *(रासस)*

# क्व्होलासोँथारलाई विश्वसम्पदा सूचीमा दर्ता गराउन माग

गण्डकी, ३ वैशाख । तमु प्ये ल्हु सङ्घ हङकङले तमु समुदायको ऐतिहासिक स्थल क्व्होलासोँथारलाई विश्वसम्पदा सूचीमा दर्ता गराउन सरकारसँग माग गरेको छ । सङ्घका अध्यक्ष मनबहादुर क्रोम्छै तमु नेतृत्वको टोलीले हालै गरिएको क्व्होलासोँथारको भ्रमणपश्चात् बुधबार पत्रकार सम्मेलन गरी भ्रमणको निष्कर्ष सार्वजनिक गर्दै एक हजार २०० वर्षदेखिको इतिहास र महत्त्वलाई उजागर गर्दै विश्वसम्पदा सूचीमा दर्ता गराउन माग गरेको हो ।

भ्रमण टोलीले यही चैत २५ देखि ३० गतेसम्म कास्कीको ताङतिङ, कर्पुडाँडा, तप्रोखर्क, क्व्होलासोँथार हुँदै सिक्लेससम्मको पदयात्रा गर्दै त्यहाँको धार्मिक तथा ऐतिहासिक महत्त्वका विभिन्न विषयबारे जानकारी लिएको सङ्घका अध्यक्ष तमुले जानकारी गराउनुभयो ।

सङ्घले क्व्होलासोँथारमा भएका महत्त्वपूर्ण सामग्रीहरू हराउँदै गएकाले सम्बन्धित निकायले नीति नियम बनाई संरक्षण गर्नुपर्ने माग गरेको छ । क्व्होलासोँथार भ्रमणमा जाने समयमा आकस्मिक उद्धारका लागि हेलिप्याड निर्माण गर्नुपर्ने, त्यस स्थलको प्रचारप्रसार गर्दै विश्वभरका मानिसलाई आकर्षित गर्नुपर्ने, क्व्होलासोँथार जाने मार्गमा ठाउँठाउँमा खानेपानी, शौचालयजस्ता पूर्वाधार विकास गर्नुपर्ने जनाएको छ ।

सङ्घका केन्द्रीय महासचिव हर्क गुरुङले क्व्होलासोँथारको ऐतिहासिकता उजागर गर्न सकिएमा त्यो तमु समुदायको मात्रै नभएर राष्ट्रकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास हुने बताउनुभयो । सबैको सामूहिक प्रयासबाट यसको प्रवर्द्धन र विकास गरिनुपर्ने उहाँको भनाइ छ । *(रासस)*

। सम्पादकीय ।

# भ्रष्टाचारीहरू सजायभागी हुनुपर्छ

सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने ध्येयले ०६२/०६३ सालदेखि हालसम्का उच्चपदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा एक उच्चस्तरीय सम्पत्ति जाँचबुझ छानबिन आयोग गठन गरेको छ । पूर्वन्यायाधीशद्वय पुरुषोत्तम पराजुली र चण्डीराज ढकाल, पूर्वडीआईजी गणेश केसी तथा चार्टर अकाउन्टेन्ट प्रकाश लम्साल रहेको उक्त आयोगले दोस्रो चरणमा २०४६ देखि ०६२ सम्मका उच्चपदस्थको सम्पत्ति छानबिन गर्नेछ । देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्ने उद्देश्यले उक्त आयोग गठन गरिएको हो । आयोगले क-कसलाई उच्चपदस्थ व्यक्तिहरू मान्ने हो ? छानबिनको थालनी कोसँग कहिलेदेखि गर्ने हो ? सोको जानकारी प्रकाशमा आएको छैन ।

छानबिनको क्रममा आयोगले कुनै उच्चपदस्थ व्यक्तिलाई पदको दुरूपयोग गरी सम्पत्ति आर्जन गरेको दोषी ठहऱ्याएमा सो सम्पत्ति के गर्ने हो ? उनीमाथि कस्तो सजाय हुने हो ? जनतामा खुलदुलीको विषय बनेको छ । ठोस प्रमाणसहित अवैध सम्पत्ति पत्ता लगाउन सकेमा आयोगले त्यो सम्पत्ति के गर्नको निम्ति सल्लाह सुझाव दिने हो ? कालो धन खोजी गर्न गठित आयोगले पूर्वप्रधानमन्त्री, मन्त्री, सचिवलगायत हजारौँको सम्पत्ति छानबिन गरेर कारबाहीको प्रक्रिया कसरी अघि बढाउने हो ? त्यो अर्को चर्चाको विषय बनेको छ । के फेला परेको कालो धन राष्ट्रियकरण होला ? के कालो धन जफत गर्न सरकार सफल होला ? आयोगले केको आधारमा अवैध सम्पत्ति आर्जन गरेको थाहा पाउने हो ? आयोगले के निष्पक्ष ढङ्गले सम्पत्ति छानबिन गर्ला ? आदि प्रश्नहरू तेर्सिएका छन् ।

सम्पत्ति छानबिन आयोग जनतामा विश्वास दिलाउन मात्र गठन गर्ने होइन । समितिलाई देखाउने दाँत बनाउनु हुँदैन । सरकारले काम थालेको देखाउनमात्र समिति गठन गर्ने होइन । समिति गठन गरेर कारबाहीको प्रक्रिया अघि बढाइँदैन; अघि बढाइएको जस्तो गरेर छानबिन मात्र हुन्छ, सत्यतथ्य उजागर गर्दैन भने छानबिन आयोग गठनको खासै अर्थ हुँदैन । पूर्वउच्चपदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्दैमा, दुई चार जनालाई कारबाहीको सिफारिस गर्दैमा देशबाट भ्रष्टाचार अन्त्य हुन्छ भन्ने होइन । भ्रष्टाचार अन्त्य गर्न भ्रष्टाचारविरोधी आन्दोलन गरिरहनुपर्छ । भ्रष्टाचारीमाथि कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ ।

यो पुँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाजस्तै हुन्छ । भ्रष्टाचारको स्वाद चाखिसकेका उच्चपदस्थ व्यक्ति र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाइसकेका व्यक्तिहरूले के भ्रष्टाचार गर्ने बानी छोड्लान् ? भ्रष्टाचार विकासको योजनामै हुन्छ । विकास योजनामै धेरै भ्रष्टाचार हुन्छ । त्यसको लेखाजोखा कसले गर्ने ? त्यतातर्फ सरकारको ध्यान जाला कि नजाला ? राजनीतिक वृत्तमा चासोको विषय हुनु स्वाभाविक हो । जसरी भए पनि पैसा कमाउन राजनीतिमा लागेसम्म देशमा भ्रष्टाचार अन्त्य हुने छैन । दुई चार जना मन्त्रीहरू इमानदार हुँदैमा भ्रष्टाचार अन्त्य हुँदैन । देशको विभिन्न सरकारी निकायमा रहेका सबै उच्चपदस्थ व्यक्तिहरू इमानदार हुनुपर्छ; देश र जनताको सेवा गर्नुपर्छ भन्ने भावनाका साथ काम गर्नुपर्छ । हरेक सङ्घ संस्थाका जिम्मेवार व्यक्तिहरूले आ-आफ्नो जिम्मेवारी इमानका साथ पालना गर्नुपर्छ ।

देशमा भ्रष्टाचार र अनियमितता बढेको हो । देश ऋणमा डुबेको हो । देशमा निर्यातभन्दा आयात बढेको हो । व्यापार घाटा भएको यथार्थ हो । देशका सबै उद्योगहरू सञ्चालनमा छैनन् । देशमा विदेशी प्रभाव बढेको हो; विदेशी दबाब बढेको हो । शासकहरू आर्थिक सहयोग र विकासको लोभमा फसेर देशघाती सन्धि सम्झौता भएको हो । विदेशी शक्ति राष्ट्रहरूले फेरि नेपालमा परेड खेल्ने प्रयास गरिरहेको पनि सत्य हो । सरकार देशलाई आत्मनिर्भर बनाउनेतर्फ नगइकन विदेशीको भरमा बसेसम्म देशको विकास होला भन्ने आशा गर्नु व्यर्थ नै हुन्छ । सरकारले हाल विचाराधीनमा रहेका मुद्दाहरूको प्रक्रिया अघि बढाएर सत्यतथ्यको खोजी गरेमा कति उच्चपदस्थ व्यक्तिहरू कारबाहीमा पर्ने छन् । आयोगले उनीहरूकै फाइलको छानबिन गरेर कारबाहीको थालनी भएमा धेरै कुरामा जनता सुसूचित हुनेछन् र जनताले थाहा पाउने छन् । भ्रष्टाचारीहरू सजायभागी हुनुपर्छ; निर्दोषहरू मुक्त हुनुपर्छ ।

# क्युवाले चिकित्सक पठायो, अमेरिकाले विनाश

✍ **जाफरी एस एलेन**

जब गत महिना क्युवामा लोडसेडिङका कारण करिब एक करोड मानिसलाई अँध्यारोमा बस्न बाध्य पारियो, अमेरिकी मिडिया कभरेजमा उही पुरानो भाष्य दोहोरियो- एक असफल कम्युनिस्ट राज्य, पतन हुन लागेको शासन र एक अवसर । त्यो मिडिया कभरेजले वास्तविकता देख्न सकेन । क्युवाले आफूलाई जसरी हेरिरहेको छ, अमेरिकाले ठिकविपरीत ढङ्गले मूल्याङ्कन गरिरहेको छ ।

गत साता रुसी तेल ट्यांकर अनातोली कोलोडकिन (प्रतिबन्धित रुसी जहाज) क्युवाली बन्दरगाह माटान्जासमा पुग्यो । सो जहाजले तीन महिनामा पहिलोपटक देशमा इन्धन 'डेलिभरी' गऱ्यो (सात लाख ३० हजार ब्यारेल कच्चा तेल), जुन केवल १० दिनका लागि क्युवाली ऊर्जा आवश्यकता पूरा गर्न पर्याप्त थियो । क्युवातर्फ गइरहेको अर्को रुसी ट्याङ्कर सी हर्स भेनेजुएलातर्फ मोडियो ।

क्युवामाथि अमेरिकी नाकाबन्दी जारी छ । क्यारिबियन



सागरमा अमेरिकी विनाशकारी र अन्य सैन्य जहाजले निरन्तर निगरानी गरिरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका छन् कि उनी 'सम्मानजनक' ढङ्गले अमेरिकाले 'कब्जा गर्न पाउने' अपेक्षा गर्छन् । 'मैले क्युवालाई मुक्त गरेँ भने मलाई लाग्छ कि म यसलाई जे पनि गर्न सक्छु,' उनले हालै भनेका छन् । यो भाषा विशेषगरी क्रूर र राजनीतिक रूपमा अस्पष्टजस्तो लाग्न सक्छ ।

यो नवउपनिवेशवादको तर्क हो, त्रुटिवश व्यक्त गरेको भनाइ होइन । विशेषगरी र ऐतिहासिक रूपमा, यो तर्क अमेरिकाले एक शताब्दीभन्दा बढी समयदेखि फ्लोरिडाबाट केबल ९० माइल टाढा रहेको एउटा टापु (क्युवा)मा लागू गर्दै आयो र क्युवाले अमेरिकी साम्राज्यवादलाई अस्वीकार गर्ने उपाय खोजिरह्यो । अमेरिकी विदेशमन्त्री मार्को रुबियोको सहयोगमा अन्ततः क्युवालाई 'आत्मसमर्पण' गर्न बाध्य पारेर ट्रम्पले 'सम्मान' पाएको देखिन्छ ।

अमेरिकी विश्लेषण (आधिकारिक र पत्रकारिता) ले कसरी वर्तमान सङ्कटलाई असफल बनाइरहेको छ भन्नेबारे बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा यो हो- समस्या जानकारी होइन, यो साम्राज्यवादी दृष्टिकोण हो, जसले क्युवालाई आफ्नै कथाको नायकका रूपमा भन्दा पनि उसलाई व्यवहार गर्नुपर्ने सानो खेलाडीका रूपमा व्याख्या गर्छ । म पहिलोपटक १९९० को दशकको अन्त्यतिर क्युवा गएको थिएँ । त्यहाँ एक युवा मानवशास्त्रीका रूपमा तालिममा सहभागी भएको थिएँ । त्यतिबेला म ल्याटिन अमेरिकी अध्ययन परम्परामा डुबेको थिएँ । क्युवाले केही दिनमै मलाई यसबाट वञ्चित गरायो । हवानाको सडकमा हिँड्दै गर्दा मलाई क्युवाली प्रहरीले बारम्बार रोक्यो र 'डेम कार्नेट' (परिचयपत्र) माग्यो । निःसन्देह, मेरो शरीरले मलाई युवा अश्वेत क्युवाली पुरुषको श्रेणीमा राखेको थियो । तसर्थ, प्रहरीले कार्ड माग्नु सामान्य थियो ।

मलाई यहाँको दिनचर्याबारे पहिल्यै थाहा थियो, डिप साउदमा गाडी चलाउनेदेखि भौगोलिक रूपमा जुनसुकै स्थानमा हिँडडुल गर्नेसम्म । क्युवामा जोखिम कम थियो । मेरो आफ्नै मातृभूमिमा जस्तो । कुनै घातक कारबाही वा स्पष्ट मृत्युदण्डको सजाय थिएन । अमेरिकी नीति-निर्माता र अनौपचारिक पर्यवेक्षकले पनि क्युवालाई हेर्दा प्रायः एउटा सरल पोस्टकार्ड मात्र देख्छन् ।

अनगन्ती अवसरमा मैले क्युवाली (शिक्षाविद् र साधारण मानिस दुवै) लाई प्रश्न सोधेँ, यदि क्रान्तिले सबैलाई मुक्ति दियो भने किन अश्वेतलाई अझै पनि सीमान्तकृत बनाइएको छ र पेसा तथा राज्यमा उनीहरूको कम प्रतिनिधित्व हुन्छ ? उत्तर रङ्गिएका भौतिकवादीबाट आए । भाषा मार्क्सवादी थियो । विश्लेषण दार्शनिक थियो । त्यो विश्लेषण केवल मैले सामना गरेको मनोवृत्ति मात्र थिएन, बरु संरचनात्मक थियो ।

क्युवाली क्रान्तिको तागतलाई कम आकलन गर्न मिल्दैन । समतामूलक समाजतर्फ क्रान्तिले ल्याएको योगदान महत्वपूर्ण छ । क्युवाको सत्ताको कमजोरीलाई केलाउँदै गर्दा यसले आफ्ना छिमेकीलाई गरेको योगदान पनि प्रशंसनीय छ । क्युवाले आफ्नो सिमानाबाहिरको संसारका लागि पनि उत्तिकै सहयोग गरेको छ । अफ्रिकी मुलुक जमैकालाई हेर्नुहोस्, जहाँ ३० वर्षमा ४७ हजारभन्दा बढी क्युवाली चिकित्साकर्मी पुगे । उनीहरूले त्यहाँ ८० लाखभन्दा बढी बिरामीको उपचार गरे र ७४ हजारभन्दा बढी शल्यक्रिया गरे । तर, त्यो सहयोग व्यवस्था अब अमेरिकी दबाबमा अन्त्य भएको छ । अमेरिकाको दबाबमा जमैकाबाट २७७ क्युवाली स्वास्थ्यकर्मीलाई फिर्ता बोलाइयो, ती क्लिनिकमा निर्भर मानिस चुपचाप परिणाम सहन बाध्य छन् । तपाईंले २०१४ को पश्चिम अफ्रिकालाई हेर्नुपर्छ, जतिबेला क्युवाले इबोलाविरुद्ध लड्न ३०० भन्दा बढी डाक्टर र नर्स पठाएको थियो । यो विश्वको सबैभन्दा ठुलो एकल-देशीय योगदान थियो ।

*(एलेन अफ्रिकी-अमेरिकी र अफ्रिकी डायस्पोरा अध्ययनका प्राध्यापक हुन् ।)*

*अलजजिराबाट*

# भारतको दक्षिणपन्थी सञ्चारमाध्यमबाट नेपाली जनता सचेत हुन जरुरी

पृथ्वीका महादेशहरूमा विभिन्न नदी-नालाहरूबाट सिञ्चित भूमिमा सभ्यता र संस्कृतिको विकासको इतिहास छ । चीन, भारत, इराक, मिश्रबाहेक एसिया, अफ्रिका र अन्य महादेशका देशहरूका विविध सभ्यता र संस्कृतिलाई एकै ठाउँमा राखेर पनि मानव सभ्यता र विश्व संस्कृति तथा सम्पदाको विषयमा चर्चा र परिचर्चा हुने गर्छ । सभ्यता र संस्कृतिको अभिव्यक्ति भाषा, विविध विधाका साहित्य, कला-कृति र सम्पदाहरूका वास्तुकलाले मूर्तता प्राप्त गरेका हुन्छन् । हिजोआज दैनिकरूपमा महादेशहरूका विविध देशमा के भइरहेको छ भन्ने विषयमा प्रचारमाध्यम, पत्रपत्रिका, दैनिक समाचारपत्र, रेडियो र टीभी एवम् सामाजिक सञ्जालले प्रसारण गरेका समाचार, लेख-रचना, नेता र राज्य प्रमुखहरूका सम्भाषण एवम् व्यवहारहरूले थाहा हुन्छ ।

संरा अमेरिका संसारमा आर्थिक, विज्ञान, प्रविधि र सैन्य शक्तिमा एक अब्बल वा पहिलो देश मानिन्छ । तर, कोरोना भाइरसको उत्पत्ति र उपचारका साथै जातिवाद, पक्षपात, धर्म, नश्ल, आर्थिक असमानता आदि विषयमा राष्ट्रपति ट्रम्पको व्यवहार, भाषण र वक्तव्य हेर्दा - सुन्दा संसारका सारा बुद्धिजीवीसमेत स्तब्ध हुने गर्छन् । अमेरिकाकै बुद्धिजीवी र वैज्ञानिकहरू समेत राष्ट्रपति ट्रम्पको व्यवहार र घोषणाहरूमा सहमत हुँदैनन् । २५ मईको दिन जर्ज फ्लोयडको हत्यापछि ट्रम्पका अभिव्यक्तिले संसारभर फैलिएको पक्षपातविरोधी प्रदर्शनको आगोमा झनै घ्यू थपियो । यसबाट सारा संवेदनशील अमेरिकी जनताको शिर निहुरियो ।

यही सेरोफेरोमा अमेरिकी ट्रम्प प्रशासन र भारतको मोदी सरकारको विश्व शान्तिमा खलल पुऱ्याउनेखालको सैन्य शक्तिको घमण्ड, अन्य देशप्रतिको घृणा भाव र गरिब एवम् अन्य महादेशका व्यापक जनताप्रतिको द्वेषले इतिहासका विद्यार्थीलाई मुसोलिनीको फासीवाद, हिटलरको नाजीवाद र जापानको सैन्यवादका कारण संसारका शान्तिप्रिय जनताले पाएको दुःख र पीडाको स्मरण गराउँछ । गहन अध्ययनबिनाको प्रचारमाध्यमको उत्तेजनात्मक भाषा र शैलीले पनि स्थितिलाई झन् खराब ठाउँमा पुऱ्याउँछ । यसले देश, राज्य र सेनालाई गल्तीबाट फर्कन नसकिने अप्ठेरोमा पुऱ्याउँछ । त्यसको एक उदाहरण सन् १९६२ को भारत-चीनको सीमा युद्ध हो । त्यसबेला नेहरूको राजनैतिक प्रभावको अहङ्कार र भारतीय राष्ट्रिय काङ्ग्रेसकै दक्षिणपन्थी तत्त्वहरू एवम् आजको भाजपा (हिजोको अन्धराष्ट्रवादी जन सङ्घ) को उग्र चीनविरोधी गतिविधिले एक-एक पाइला गरेर भारतलाई पछि हट्ने र फर्कनै नसक्ने स्थितिमा पुऱ्यायो ।

भारत-चीन सीमा भिडन्तले एसियाली देशहरूलाई मात्र विचलित पारेको थिएन; संसारका नवस्वाधीन र मुक्तिको निम्ति सङ्घर्षरत देश एवम् जनतालाई समेत अन्योलमा पाऱ्यो । संसारको साम्राज्यवाद र उपनिवेशवादविरोधी आन्दोलनलाई समेत क्षति पुऱ्यायो । अमेरिकी साम्राज्यवादबाट भारतीय प्रतिक्रियावादी पक्षले स्यावासी प्राप्त गऱ्यो ।

आज पनि भारतको दक्षिणपन्थी, अन्ध एवम् सङ्कीर्ण उग्रराष्ट्रवादी सत्तापक्षको प्रचारमाध्यम 'जी न्यूज', 'एबीसी न्यूज', 'आजतक' जस्ता संस्थाहरूले दक्षिण एसियामा मात्रै होइन पूरै एसिया र संसारकै हिन्दी भाषी जनतामा झूटो प्रचार गरिरहेका छन् । यस्तो युद्धकामी र स्तरहीन प्रचारबाजीले अमेरिकी साम्राज्यवाद र ट्रम्प प्रशासनको जातिवाद तथा विदेशीद्वेषी दृष्टिकोणलाई सहयोग पुऱ्याउँदै छ ।

ती प्रचार संस्थाहरू संरा अमेरिका र ट्रम्प प्रशासनलाई संसारभरका देशबाट समर्थन प्राप्त भएको र चीन एक्लिँदै गएको जस्ता झूटा समाचार सम्प्रेषण गर्दै छन् । जबकि युरोपेली, एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी एक दुइटा देशबाहेक सबै अमेरिकाबाट टाढिँदै छन् । त्यस्तै, भारत आज पाकिस्तान, नेपाल, भुटान, श्रीलङ्का, बङ्गलादेश र बर्मा ( म्यानमार) सँग पनि मतभेद राख्छ र छिमेकीहरूलाई भारतले थिचोमिचो गरिरहेको छ । जापान र दक्षिण कोरियासँगको व्यापारमा अमेरिकाले कर बढाउँदा र अमेरिकी हतियार किन्न दबाब दिँदा ती देशसँग पनि उसको सम्बन्ध राम्रो छैन । त्यसको असर भारतसम्म पुग्छ । यस्तो स्थितिको सही विश्लेषण नगरी भारतीय प्रचार संस्थाहरूले उल्टा समाचार दिइरहनु स्वयम् एक सांस्कृतिक स्तरहीनता हो ।

***स्रोत : 'श्रमिक' साप्ताहिक, २३ असार, २०७७ (7 Jul., 2020)***

# अथातो घुमक्कड-जिज्ञासा

# घुमक्कडी : मानव सभ्यताको अदृश्य मेरुदण्ड

✍ राहुल सांकृत्यायन

संस्कृतबाट ग्रन्थ सुरु गरेकोमा पाठकहरूले रिसाउनु हुँदैन। आखिर हामी एउटा 'शास्त्र' लेख्न गइरहेका छौं, त्यसैले शास्त्रको परम्परालाई त मान्नैपर्छ। शास्त्रहरूमा 'जिज्ञासा' त्यस्तो कुराको लागि हुनुपर्छ भनिएको छ, जुन श्रेष्ठ होस् र व्यक्ति एवं समाज दुवैका लागि परम हितकारी होस्।

व्यासले आफ्नो शास्त्रमा 'ब्रह्म' लाई सर्वश्रेष्ठ मानेर उसैलाई जिज्ञासाको विषय बनाए। व्यासका शिष्य जैमिनीले 'धर्म' लाई श्रेष्ठ माने। पुराना ऋषिहरूसँग मतभेद राख्नु हाम्रा लागि पापको कुरा होइन; आखिर छ वटा शास्त्रका रचयिता छ आस्तिक ऋषिहरूमध्ये आधाले त ब्रह्मलाई वास्तै नगरी पन्छाइदिएका छन्।

मेरो बुझाइमा संसारको सर्वश्रेष्ठ वस्तु 'घुमक्कडी' (फिरन्तेपन/भ्रमणशीलता) हो। घुमक्कड (फिरन्ते) भन्दा ठुलो व्यक्ति र समाजको हितकारी अरू कोही हुन सक्दैन।

भनिन्छ, ब्रह्मले सृष्टिको उत्पत्ति, पालन र विनाश गर्ने जिम्मेवारी आफ्नो काँधमा लिएका छन्। पैदा गर्नु र नाश गर्नु टाढाका कुरा हुन्, तिनको यथार्थता सिद्ध गर्न न प्रत्यक्ष प्रमाण सहायक हुन सक्छ, न त अनुमान नै। हो, संसारलाई 'धारण' गर्ने (थामिराख्ने) कुरा त पक्कै पनि न ब्रह्मको हातमा छ, न विष्णुको, न त शङ्करको नै। संसार दु:खमा होस् वा सुखमा- जस्तोसुकै समयमा पनि यदि यसले सहारा पाउँछ भने, त्यो घुमक्कडहरूबाटै पाइन्छ।


प्राकृतिक आदिम मानिस परम घुमक्कड थियो। खेतीपाती, बगैंचा र घर-दैलोको बन्धनबाट मुक्त ऊ आकाशका चराहरूझैँ पृथ्वीमा सधैँ विचरण गरिरहन्थ्यो। जाडोमा ऊ यो ठाउँमा हुन्थ्यो भने, गर्मीमा त्यहाँबाट दुई सय कोस टाढा पुग्थ्यो।

आधुनिक कालमा घुमक्कड (फिरन्ते) हरूको कामको महत्त्वबारे बताउनु आवश्यक छ, किनकि मानिसहरूले घुमक्कडहरूका कृतिहरू चोरेर र तिनलाई बङ्ग्याएर आफ्नै नाममा प्रकाशित गरे। यसले गर्दा संसारलाई यस्तो लाग्न थाल्यो कि वास्तवमा 'तेलीको कोलको गोरु' (एकै ठाउँमा सीमित रहने व्यक्ति) हरूले नै संसारमा सबैथोक गर्छन्।

आधुनिक विज्ञानमा चार्ल्स डार्विनको स्थान निकै उच्च छ। उनले प्राणीहरूको उत्पत्ति र मानव-वंशको विकासमा मात्र अद्वितीय खोज गरेनन्, बरु सबै विज्ञानहरूले उनबाट सहयोग प्राप्त गरे। भन्नुपर्दा, सबै विज्ञानहरूले डार्विनको प्रकाशमा आफ्नो दिशा बदल्नुपऱ्यो। तर, के डार्विनले 'घुमक्कडी' को व्रत नलिएको भए आफ्ना यी महान् आविष्कारहरू गर्न सक्थे ?

म मान्दछु, पुस्तकहरूले पनि केही हदसम्म घुमक्कडी (भ्रमण) को रस प्रदान गर्दछन्। तर जसरी फोटो हेरेर तपाईं हिमालयका सल्लाका घना वन र सेता हिउँका मुकुट पहिरेका शिखरहरूको सौन्दर्य, तिनको रूप र तिनको बास्नाको अनुभव गर्न सक्नुहुन्न, त्यसरी नै यात्रा-संस्मरणहरू पढेर तपाईंले एक घुमक्कडले प्राप्त गर्ने त्यो आनन्दको थोपा प्राप्त गर्न सक्नुहुन्न। यात्रा-साहित्यका पाठकहरूका लागि बढीमा यति मात्र भन्न सकिन्छ कि अन्यहरूको तुलनामा उनीहरूले थोरै प्रकाश पाउँछन् र साथै यस्तो प्रेरणा पनि पाउन सक्छन्, जसले स्थायी त नभए पनि केही दिनका लागि उनीहरूलाई घुमक्कड बनाउन सक्छ।

घुमक्कड किन दुनियाँको सर्वश्रेष्ठ विभूति हो ? किनभने उसैले आजको संसार बनाएको हो। आदिम-मानिस एउटै ठाउँमा नदी वा पोखरीको किनारमा तातो मुलुकमा मात्र बसिरहेको भए, उसले संसारलाई अगाडि लैजान सक्ने थिएन। मानिसको घुमक्कडीले धेरैपटक रगतको नदी बगाएको छ, यसमा कुनै सन्देह छैन र हामी घुमक्कडहरूले रगतको बाटो समातून् भन्ने कदापि चाहँदैनौं तर घुमक्कडहरूका ताँतीहरू आउने-जाने नगरेका भए, सुस्त मानव-जातिहरू सुतिरहन्थे र पशुभन्दा माथि उठ्न सक्ने थिएनन्।




आदिम घुमक्कडहरूमध्ये आर्य, शक र हूणहरूले के-के गरे, आफ्ना रक्तरञ्जित बाटाहरूद्वारा मानवताको मार्गलाई कसरी प्रशस्त गरे, यसलाई इतिहासमा हामीले त्यति स्पष्ट वर्णन गरिएको पाउँदैनौं। तर, मङ्गोल-घुमक्कडहरूका चामत्कारिक कार्यहरूलाई भने हामी राम्ररी जान्दछौं। बारुद, तोप, कागज, छापाखाना (प्रेस), दिशासूचक यन्त्र (कम्पास) र चस्मा-यिनै ती चिजहरू थिए, जसले पश्चिममा विज्ञान-युगको आरम्भ गराए। यी चिजहरूलाई त्यहाँ पुऱ्याउने मङ्गोल घुमक्कडहरू नै थिए।

कोलम्बस र भास्को-डि-गामा दुई घुमक्कड नै थिए, जसले पश्चिमी देशहरूका लागि अगाडि बढ्ने बाटो खोले। अमेरिका धेरैजसो निर्जनजस्तै थियो। एसियाका कूपमण्डुकहरू (सङ्कुचित विचार भएकाहरू) ले घुमक्कड-धर्मको महिमा बिर्सिए, त्यसैले उनीहरूले अमेरिकामा आफ्नो झन्डा गाडेनन्। दुई शताब्दी अघिसम्म अस्ट्रेलिया खाली नै थियो। चीन र भारतलाई आफ्नो सभ्यताबारे ठुलो गर्व छ, तर उनीहरूलाई त्यहाँ गएर आफ्नो झन्डा गाड्नुपर्छ भन्ने बुद्धि आएन। आज आफ्नो ४०-५० करोड जनसङ्ख्याको भारले भारत र चीनको भूमि थिचिएको छ तर अस्ट्रेलियामा एक करोड मानिस पनि छैनन्।

आज एसियालीहरूका लागि अस्ट्रेलियाको ढोका बन्द छ, तर दुई शताब्दी पहिले त्यो हाम्रो हातको कुरा थियो। किन भारत र चीन अस्ट्रेलियाको अपार सम्पत्ति र असीमित भूमिबाट वञ्चित रहे ? यसकारण कि उनीहरू घुमक्कड-धर्मबाट विमुख थिए, उनीहरूले त्यसलाई बिर्सिसकेका थिए।

हो, म यसलाई 'बिर्सनु' नै भन्छु, किनकि कुनै समय भारत र चीनले ठुलठुला र प्रख्यात घुमक्कडहरू पैदा गरेका थिए। ती भारतीय घुमक्कडहरू नै थिए, जसले दक्षिण-पूर्वमा श्रीलङ्का, बर्मा, मलाया, जाभा (यवद्वीप), थाइल्याण्ड (स्याम), कम्बोडिया (कम्बोज), चम्पा, बोर्नियो र सेलिबिज मात्र होइन, फिलिपिन्ससम्म धावा बोलेका थिए। एक समय त यस्तो देखिन्थ्यो कि न्युजिल्यान्ड र अस्ट्रेलिया पनि 'बृहत्तर भारत' को अङ्ग बन्न लागेका छन्; तर ए 'कूपमण्डुकपन' (सङ्कुचित सोच), तेरो सत्यानाश होस् !

यस देशका बुद्धुहरूले समुद्रको नुनिलो पानी र हिन्दू-धर्मको ठुलो दुस्मनी छ, त्यसलाई छुने बित्तिकै यो नुनको पुतलीझैँ पग्लिएर जानेछ भनेर उपदेश दिन सुरु गरे। यति बताइसकेपछि, समाजको कल्याणका लागि 'घुमक्कड-धर्म' कति आवश्यक कुरा हो भनेर के भनिरहनु पर्ला र ? जसले यो धर्मलाई अपनायो, त्यो जाति वा देशले चारै फल (धर्म, अर्थ, काम र मोक्ष) प्राप्त गऱ्यो; जसले यसलाई तिरस्कार गऱ्यो, उसका लागि नर्कमा पनि ठाउँ छैन। आखिर घुमक्कड-धर्मलाई बिर्सिएकै कारण हामीले सात शताब्दीसम्म ठक्कर खाइरह्यौं, जो आए पनि हामीलाई लात हानेर गए।

सायद कसैलाई शङ्का होला कि मैले यस शास्त्रमा जुन तर्कहरू दिएको छु, ती सबै लौकिक (सांसारिक) तथा शास्त्र-बाहिरका हुन्। ल ठीक छ, त्यसो भए धर्मबाटै प्रमाण लिनुहोस्। संसारका अधिकांश धर्मनायकहरू घुमक्कड नै थिए। धर्माचार्यहरूमध्ये आचार-विचार, बुद्धि, तर्क तथा सहृदयतामा सर्वश्रेष्ठ रहेका बुद्ध 'घुमक्कड-राज' थिए। यद्यपि, उनी भारतभन्दा बाहिर गएनन्, तर वर्षाका तीन महिनाबाहेक एकै ठाउँमा बस्नुलाई उनी पाप ठान्दथे।

उनी आफैं मात्र घुमक्कड थिएनन्, बरु सुरुवातमा नै उनले आफ्ना शिष्यहरूलाई भनेका थिए- "चरथ भिक्खवे !" जसको अर्थ हो- "भिक्षुहरू हो ! घुमक्कडी (भ्रमण) गर।" बुद्धका भिक्षुहरूले आफ्नो गुरुको शिक्षालाई कति माने, के यो बताइरहनु आवश्यक छ र ? के उनीहरूले पश्चिममा म्यासेडोनिया र इजिप्टदेखि पूर्वमा जापानसम्म, उत्तरमा मङ्गोलियादेखि दक्षिणमा बाली र बाङ्काका टापुसम्मलाई पैतालाले नापेर राखिदिएनन् र ? जुन 'बृहत्तर भारत' का लागि हरेक भारतीयलाई उचित गर्व छ, के त्यसको निर्माण यिनै घुमक्कडहरूको चरण-धुलिले गरेको होइन र ?

केवल बुद्धले मात्र आफ्नो घुमक्कडीबाट प्रेरणा दिएका होइनन्, बरु घुमक्कडहरूको यति ठुलो प्रभाव बुद्धभन्दा एक-दुई शताब्दी पहिले नै थियो, जसकै कारण बुद्धजस्ता 'घुमक्कड-राज' यस देशमा जन्मिन सके। त्यस समयमा पुरुषमात्र होइन, स्त्रीहरूसमेत जम्बु-वृक्षको हाँगा लिएर आफ्नो प्रखर प्रतिभाको कौशल देखाउँदै, पछि कुवाका भ्यागुताहरू (सङ्कुचित सोच भएकाहरू) लाई पराजित गर्दै सारा भारतभरि मुक्त भएर विचरण गर्ने गर्दथे।

कोही-कोही महिलाहरू सोध्छन् - के स्त्रीहरूले पनि घुमक्कडी (भ्रमण) गर्न सक्छन् ? के उनीहरूले पनि यस महाव्रतको दीक्षा लिनुपर्छ ? यस विषयमा त छुट्टै अध्याय नै लेखिनेछ, तर यहाँ यति भन्नु पर्याप्त छ कि, घुमक्कड-धर्म ब्राह्मण-धर्मजस्तो सङ्कुचित धर्म होइन, जसमा स्त्रीहरूका लागि स्थान नहोस्। स्त्रीहरूले यसमा त्यति नै अधिकार राख्छन्, जति पुरुषले राख्छन्। यदि उनीहरू आफ्नो जन्म सफल पारेर व्यक्ति र समाजका लागि केही गर्न चाहन्छन् भने उनीहरूले पनि दुवै हात फैलाएर यस धर्मलाई स्वीकार गर्नुपर्छ।

घुमक्कडी-धर्म छुटाउनका लागि नै पुरुषले नारीको बाटोमा धेरै बन्धनहरू लगाएका हुन्। बुद्धले पुरुषहरूका लागि मात्र घुमक्कडी गर्ने आदेश दिएका थिएनन्, बरु स्त्रीहरूका लागि पनि उनको त्यही उपदेश थियो।

भारतका प्राचीन धर्महरूमध्ये जैन धर्म पनि एक हो। जैन धर्मका संस्थापक श्रमण महावीर को थिए ? उनी पनि 'घुमक्कड-राज' नै थिए। घुमक्कड-धर्मको आचरणमा सानादेखि ठुलासम्म सबै बाधाहरू र उपाधिहरूलाई उनले त्यागिदिएका थिए- घर-दैलो र श्रीमती-सन्तान मात्र होइन, उनले वस्त्रको समेत त्याग गरेका थिए।

"करतलभिक्षा, तरुतल बास" (हत्केलामा भिक्षा, रूखमुनि बास) तथा 'दिगम्बर' (आकाश नै वस्त्र भएको अवस्था) लाई उनले यसैकारण अपनाएका थिए, ताकि निर्द्वन्द्व विचरणमा कुनै बाधा नहोस्। श्वेताम्बर-बन्धुहरू 'दिगम्बर' भनेकोमा रिसाउनुपर्दैन। वास्तवमा हाम्रा वैशालीका ती महान् घुमक्कड केही कुरामा दिगम्बरहरूको कल्पनाअनुसार थिए भने केही कुरामा श्वेताम्बरहरूको उल्लेखअनुसार। तर, यसमा त दुवै सम्प्रदाय र बाहिरका मर्मज्ञहरू पनि सहमत छन् कि भगवान् महावीर दोस्रो वा तेस्रो होइन, प्रथम श्रेणीका घुमक्कड थिए। उनी आजीवन घुमिरहे। वैशालीमा जन्म लिएर विचरण गर्दागर्दै उनले पावामा आफ्नो शरीर त्यागे।

बुद्ध र महावीरभन्दा बढी कसैले त्याग, तपस्या र सहृदयताको दाबी गर्छ भने, म उसलाई केवल 'दम्भी' (घमण्डी) भन्नेछु। आजभोलि कुटी वा आश्रम बनाएर तेलीको गोरुझैँ कोलमा बाँधिएका कतिपय मानिसहरू आफूलाई अद्वितीय महात्मा भन्छन् वा चेलाहरूलाई भन्न लगाउँछन्; तर, म त भन्छु-घुमक्कडी त्यागेर नै महापुरुष बन्न सकिन्थ्यो भने त यस्ता मानिसहरू गल्ली-गल्लीमा देखिने थिए। म जिज्ञासुहरूलाई यस्ता बाहिर मात्र चमक भएका महात्मा र महापुरुषहरूको चक्करबाट जोगिन सावधान गराउन चाहन्छु। उनीहरू स्वयं त तेलीका गोरु हुन् नै, अरूलाई पनि आफ्नै जस्तो बनाइराख्नेछन्।

बुद्ध र महावीरजस्ता सृष्टिकर्ता ईश्वरलाई नमान्ने महापुरुषहरूको घुमक्कडीको कुरा सुनेर अरू मानिसहरू ईश्वरको भरोसामा गुफा वा कोठाभित्र बसेर नै सबै सिद्धिहरू प्राप्त गरे वा गर्न सक्छन् भनेर मानिहाल्नु हुँदैन। त्यस्तो हुन्थ्यो भने, साक्षात् ब्रह्मस्वरूप शङ्कराचार्य किन भारतका चारै कुनाको खाक छान्न (धुलो उडाउन) हिँड्थे र ? शङ्करलाई शङ्कर कुनै ब्रह्माले बनाएका होइनन्, उनलाई महान् बनाउने यही 'घुमक्कडी धर्म' नै थियो।

शङ्कर निरन्तर घुमिरहे- आज केरल देशमा थिए भने केही महिनापछि नै मिथिलामा, अनि अर्को वर्ष कश्मीर वा हिमालयको कुनै अर्को भागमा पुग्थे। शङ्कर तन्नेरी उमेरमै शिवलोक सिधारे (मृत्यु भयो), तर आफ्नो छोटो जीवनमा उनले तीनवटा 'भाष्य' मात्र लेखेनन्; बरु आफ्नो आचरणबाट अनुयायीहरूलाई घुमक्कडीको यस्तो पाठ सिकाएर गए, आज पनि त्यसको पालन गर्नेहरू सयौँ भेटिन्छन्।

भास्को-डि-गामा भारत पुग्नुभन्दा धेरै पहिले शङ्करका शिष्यहरू मस्को र युरोपसम्म पुगेका थिए। उनका साहसी शिष्यहरू भारतका चार धामबाट मात्र सन्तुष्ट थिएनन्, बरु उनीहरूमध्ये कतिले त गएर बाकु (रुस) मा धूनी जगाए। एकजनाले त भ्रमण गर्दै भोल्गा नदीको तटमा 'निज्नीनोवोग्राद' को महामेला देखे। त्यसपछि के चाहियो र, केही समयका लागि उनी त्यहीँ डटिएर बसे र इसाईहरूका बिचमा कैयौँ अनुयायीहरू पैदा गरे, जसको सङ्ख्या भित्रभित्रै बढ्दै यस शताब्दीको सुरुसम्ममा केही लाखसम्म पुगेको थियो।

रामानुज, मध्वाचार्य र अन्य वैष्णवाचार्यका अनुयायीहरूले मलाई क्षमा गरून्, यदि मैले उनीहरूले भारतमा 'कूप-मंडूकता' (सङ्कुचित सोच) फैलाउन ठुलो सक्रियता देखाए भनेँ भने। रामानन्द र चैतन्य महाप्रभुको भलो होस्, जसले हिलोबाट कमल (पकबाट पङ्कज) बनेर आदिकालदेखि चल्दै आएको महान् घुमक्कड-धर्मको पुन: स्थापना गरे, जसको फलस्वरूप प्रथम श्रेणीका त होइनन् तर द्वितीय श्रेणीका धेरै घुमक्कडहरू उनीहरूका बिचमा पनि जन्मिए।

ती बिचराहरू बाकुको त्यो ठुलो ज्वालामाईसम्म कसरी जान सक्थे र ? उनीहरूका लागि त मानसरोवरसम्म पुग्न पनि मुस्किल थियो। आफ्नै हातले खाना बनाउनुपर्ने, मासु-अण्डाले छोएमा पनि धर्म जाने, हाड तताउने ठन्डीमा पनि हरेक पटक पिसाब फेरेपछि बरफ जस्तो पानीले हात धुनुपर्ने र हरेकपटक दिसा गरेपछि स्नान गर्नुपर्ने नियम त यमराजलाई निम्तो दिनु जस्तै हुन्थ्यो। त्यसैले, ती बिचराहरूले निकै डराइ-डराइ मात्र घुमक्कडी गर्न सक्थे।

यसमा कसको असहमति हुन सक्छ र- चाहे शैव हुन् वा वैष्णव, वेदान्ती हुन् वा सदान्ती, सबैलाई अगाडि बढाउने काम केवल घुमक्कड-धर्मले नै गरेको हो।

महान् घुमक्कड-धर्म अर्थात् बौद्ध धर्मको भारतबाट लोप हुनु नै हाम्रो देशमा 'कूप-मण्डूकता' (सङ्कुचित सोच) हावी हुनुको कारण थियो। सात शताब्दी बिते, र यी सात शताब्दीहरूमा दासता र परतन्त्रताले हाम्रो देशमा खुट्टा भाँचेरै डेरा जमायो; यो कुनै आकस्मिक कुरा थिएन। तर, समाजका अगुवाहरूले मानिसहरूलाई जति नै कुवाको भ्यागुता बनाउन खोजे पनि, यस देशमा समय-समयमा यस्ता वीर पुत्रहरू जन्मिरहे, जसले कर्मपथतर्फ सङ्केत गरे।

हाम्रो इतिहासमा गुरु नानकको समय धेरै टाढाको होइन, तर उनी आफ्नो समयका महान् घुमक्कड थिए। उनले भारत-भ्रमणलाई मात्र पर्याप्त ठानेनन् र इरान तथा अरबसम्मको यात्रा गरे। घुमक्कडी कुनै ठुलो 'योग' भन्दा कम फलदायी छैन र यसले मानिसलाई एक नम्बरको निर्भीक (निडर) बनाइदिन्छ।

घुमक्कड नानक मक्कामा गएर काबातिर खुट्टा फर्काएर सुते। मुल्लाहरूमा त्यति सहिष्णुता भइदिएको भए त मानिस भइहाल्थे नि ! उनीहरूले आपत्ति जनाए र खुट्टा समातेर अर्कोतिर फर्काउन खोजे। तर, उनीहरूले यो देखेर ठुलो आश्चर्य माने कि- जतातिर घुमक्कड नानकको खुट्टा घुमिरहेको छ, काबा पनि त्यतैतिर घुमिरहेको छ। यो हो चमत्कार ! आजका सर्वशक्तिमान्, तर कोठाभित्र थुनिएर बस्ने महात्माहरूमा कोही यस्तो छ, जसले नानकले जस्तो हिम्मत र चमत्कार देखाउन सकोस् ?

धेरै शताब्दी अघिका कुरा छोड्नुहोस्, यस देशबाट स्वामी दयानन्द बिदा भएको अझै एक शताब्दी पनि बितेको छैन। स्वामी दयानन्दलाई 'ऋषि दयानन्द' कसले बनायो ? त्यही घुमक्कडी धर्मले। उनले भारतका धेरैजसो भागहरूको भ्रमण गरे; पुस्तक लेख्दै र शास्त्रार्थ गर्दै उनी निरन्तर भ्रमण गरिरहे।

शास्त्रहरू पढेर काशीका ठुलठुला पण्डितहरू 'महा-महा-मण्डूक' (परम सङ्कुचित) बन्नमा मात्र सफल भइरहे, त्यसैले दयानन्दलाई मुक्त-बुद्धि र तर्क-प्रधान बनाउने कारण शास्त्रभन्दा बाहिर कतै खोज्नुपर्ने हुन्छ। त्यो कारण हो - उनको निरन्तरको घुमक्कडी धर्मको सेवन। उनले समुद्र यात्रा गर्न र द्वीप-द्विपान्तरहरूमा जानका विरुद्ध दिइने जति पनि थोत्रा तर्कहरू थिए, ती सबैलाई टुक्रा-टुक्रा पारेर उडाइदिए। उनले बताए कि मानिस 'स्थावर' (एकै ठाउँमा रहने वनस्पति जस्तो) वस्तु होइन, ऊ त 'जङ्गम' (हिँडडुल गर्ने) प्राणी हो। हिँड्नु मानिसको धर्म हो; जसले यसलाई छोड्यो, ऊ मानिस हुने अधिकारी छैन।

बीसौँ शताब्दीका भारतीय घुमक्कड (भ्रमणशील व्यक्तित्व) हरूको चर्चा गरिरहनु आवश्यक छैन। यति लेखेपछि संसारमा कुनै अनादि सनातन धर्म छ भने, त्यो 'घुमक्कड धर्म' नै हो भन्ने प्रस्ट भयो होला। तर, यो कुनै सङ्कुचित सम्प्रदाय होइन; यो आकाशजस्तै महान् छ र समुद्र जस्तै विशाल छ। जुन धर्महरूले धेरै यश र महिमा प्राप्त गरेका छन्, त्यो केवल घुमक्कड धर्मकै कारणले हो।

प्रभु ईसा (जिसस) घुमक्कड थिए र उनका अनुयायीहरू पनि त्यस्तै घुमक्कड थिए, जसले ईसाको सन्देशलाई संसारको कुना-कुनामा पुऱ्याए। यहुदी पैगम्बरहरूले घुमक्कडी धर्मलाई बिर्सिए, जसको फल उनीहरूले शताब्दीयौँसम्म भोग्नुपऱ्यो। उनीहरूले जानीजानी आफ्नो चुल्होबाट टाउको बाहिर निकाल्न चाहेनन्। घुमक्कड-धर्मको यस्तो भारी अवहेलना गर्नेको जस्तो गति हुनुपर्ने थियो, उनीहरूको त्यस्तै गति भयो। हातबाट

बाँकी पृष्ठ ७ मा



गाजापट्टीको डेर अल बलाह सहरबाहिर रहेको ल्यान्डफिल साइटमा केही उपयोगी वस्तुको खोजी गर्दै घरबारविहीन टुहुरा बालबालिकाहरू अप्रिल १६, २०२६ का दिन । इजरायलले गाजापट्टीको नाकाबन्दी कडा पारिँदा उपभोग्य वस्तुको अभाव चुलिएको छ । *तस्विर : अब्देल करिम हाना/एपी*

# बेलायतद्वारा युक्रेनलाई हतियार सहयोग घोषणा

बेलायत, १६ अप्रिल (क्युएनए) । बेलायतले युक्रेनको आत्मरक्षामा सघाउन सहयोग घोषणा गरेको छ । जसमा कम्तिमा एक लाख २० हजार ड्रोनसहित, आर्थिक विकासलाई बढावा दिने र बेलायतभित्र रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको जनाइएको छ ।

घोषणा बेलायतका रक्षा सचिव जोन हेलीको युक्रेन रक्षा सम्पर्क समूहको ३४ औं बैठकको लागि बर्लिन गएको अवसरमा भएको जनाइएको छ । जसमा जर्मन रक्षामन्त्री बोरिस पिस्टोरियस, युक्रेनी रक्षामन्त्री मिखाइलो फेडोरोभ र नेटो महासचिव मार्क रुटसँगै ५० वटा देशहरू समावेश छन् ।

प्याकेजमा लामो दूरीको ड्रोन, टोही र खुफिया ड्रोन र रसद समर्थन ड्रोनहरू समावेश रहेको जनाइएको छ भने ड्रोन पठाउने अभियान सुरु भइसकेको जनाइएको छ ।

ड्रोनहरूले युक्रेनको प्रतिआक्रमण अपरेसनहरूमा साथै चलिरहेको रुसी आक्रमणहरूविरुद्ध रक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने जनाइएको छ ।

बेलायती कम्पनीहरूको समर्थनमा गरिएको यो सहयोगमा लगानीको अधिकांश भाग बेलायतमा आधारित फर्महरूद्वारा निर्देशित हुने र युक्रेनको सुरक्षा र सार्वभौमिकतालाई सुदृढ पार्दै रोजगारी सिर्जनामा योगदान पुग्ने आशा गरिएको छ ।

यो सहयोगमा बेलायतले युक्रेनलाई प्रदान गरेको सबै भन्दा ठूलो सहयोग भएको उल्लेख गर्दै रक्षा सचिवले सयौं हजार तोप र हजारौं हवाई रक्षा मिसाइलको प्रावधानको पुष्टि गर्नुभएको छ ।

सहयोग बेलायत र युक्रेनबिच गत महिना भएको नयाँ रक्षा साझेदारी सम्झौतापछि आएको हो, जसको उद्देश्य ड्रोनजस्ता कम लागत, उच्च दक्षता सैन्य प्रविधिहरूको प्रसारको प्रतिक्रियामा विश्वव्यापी रक्षा क्षमताहरू सुदृढ पार्नु हो ।

# अमेरिका–इरान वार्तामा पाकिस्तानको सक्रियता

कायरो, १६ अप्रिल (एपी) । करिब सात हप्तादेखि जारी अमेरिका-इरान युद्धलाई कूटनीतिक बाटोबाट समाधानतर्फ लैजान प्रयास तीव्र बनिरहेका बेला पाकिस्तान नयाँ प्रमुख मध्यस्थकर्ताको रूपमा उभिएको छ । यसै क्रममा पाकिस्तानी सेना प्रमुख तेहरान पुगेर इरानी नेतृत्वसँग वार्ताको अर्को चरण अघि बढाउने तयारीमा जुट्नुभएको छ ।

मध्यपूर्वमा बढ्दो तनाव कम गर्ने उद्देश्यसहित भएको यो उच्चस्तरीय पहलले अमेरिका र इरानबिच दोस्रो चरणको प्रत्यक्ष संवादको सम्भावना पुनर्जीवित गरेको सङ्केत दिएको छ । ह्वाइट हाउसले पनि इस्लामाबादमा थप वार्ता हुन सक्ने उल्लेख गरेको छ, यद्यपि औपचारिक निर्णय भने भइसकेको छैन ।

यसअघि इस्लामाबादमै भएको प्रत्यक्ष संवादले दुई पक्षबिचको मतभेद घटाउन मद्दत गरेको अधिकारीहरूले बताएका छन् । त्यसकै निरन्तरताका रूपमा विशेषगरी युद्धविरामको समयसीमा सकिनुअघि अर्को चरण सुरु गर्ने लक्ष्यसहित पाकिस्तानले पुन: वार्ताको वातावरण बनाउन खोजिरहेको छ ।

तर, कूटनीतिक प्रयाससँगै दबाबको रणनीति पनि जारी छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले ट्रम्प प्रशासनले इरानसँग व्यापार गर्ने मुलुकहरूमाथि थप आर्थिक प्रतिबन्ध लगाउने तयारी गरेको बताइन् । उनले यसलाई बम आक्रमणको 'वित्तीय समकक्ष' का रूपमा व्याख्या गरिन् ।

यता क्षेत्रीय स्रोतहरूका अनुसार अमेरिका र इरानबिच युद्धविराम थप विस्तार गर्ने विषयमा 'सैद्धान्तिक सहमति' बनेको छ, जसले थप वार्ताका लागि समय उपलब्ध गराउनेछ । यद्यपि, इरानी बन्दरगाहहरूमा अमेरिकी नाकाबन्दी र तेहरानका कडा प्रतिक्रियाले यो सहमति अझै संवेदनशील अवस्थामा रहेको छ ।

इरानका विदेशमन्त्री अब्बास अराघचीले पाकिस्तानी सेना प्रमुख असिम मुनिरसँग प्रारम्भिक छलफल गरिसक्नुभएको छ । तर, इरानी सैन्य नेतृत्वबाट आएका कडा अभिव्यक्तिहरूले स्थिति अझै जटिल रहेको सङ्केत दिएका छन् । इरानले नाकाबन्दी नहटाइए क्षेत्रीय व्यापार अवरुद्ध गर्ने चेतावनी दिएको छ भने सर्वोच्च नेतृत्वका सल्लाहकारहरूले युद्धविराम विस्तारप्रति असन्तुष्टि जनाएका छन् ।

वार्ताका मुख्य अवरोधहरू पनि स्पष्ट देखिएका छन् । इरानको आणविक कार्यक्रम, होर्मुज जलडमरूको नियन्त्रण र युद्धका क्रममा भएको क्षतिको क्षतिपूर्ति–यी तीन विषयमा सहमति जुटाउन मध्यस्थकर्ताहरूले दबाब बढाइरहेका छन् । इरानले युरेनियम संवर्धनबारे छलफल गर्न तयार रहेको जनाए पनि आफ्नो आवश्यकतानुसार संवर्धन जारी राख्न पाउनुपर्ने अडान दोहोऱ्याएको छ ।

युद्धको प्रभाव विश्वव्यापी रूपमा महसुस भइरहेको छ । होर्मुज जलडमरू हुँदै हुने तेल ढुवानी प्रभावित हुँदा ऊर्जा बजार अस्थिर बनेको छ । तेलको मूल्य आकासिएपछि इन्धन, खाद्यान्न र अन्य आवश्यक वस्तुको मूल्य वृद्धि विश्वभर देखिएको छ । यद्यपि, हालै युद्ध अन्त्य हुने आशामा तेलको मूल्य केही घटेको छ र अमेरिकी सेयर बजारले पनि नयाँ उचाइ छोएको छ ।

यसैबिच चीनले पनि कूटनीतिक पहललाई समर्थन गर्दै होर्मुज जलडमरू पुन: खोल्न आग्रह गरेको छ । चिनियाँ विदेशमन्त्री वाङ यीले शान्तिको अवसर खुलिरहेको उल्लेख गर्दै इरानको सार्वभौमिकता सम्मान गर्दै जलमार्गको स्वतन्त्रता सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

अमेरिकी सेनाले इरानी ढुवानीमाथि लगाएको नाकाबन्दी अझै प्रभावकारी रहेको जनाएको छ । हालसम्म कुनै जहाजले उक्त नाकाबन्दी पार गर्न नसकेको र केही जहाजहरूलाई फर्काइएको जानकारी दिइएको छ । यो कदम इरानमाथि थप आर्थिक दबाब सिर्जना गर्ने उद्देश्यले चालिएको हो ।

यसैबिच, इजरायल-लेबनान मोर्चामा पनि तनाव घटेको छैन । दक्षिणी लेबनानमा इजरायली हवाई आक्रमण र स्थल कारबाही जारी छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजबुल्लाहविरुद्धको आक्रमण जारी राख्ने बताएका छन् ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो आक्रमणमा तीन जना प्यारामेडिक्सको मृत्यु भएको छ भने अन्य घाइते भएका छन् । यसले मानवीय सङ्कट अझ गहिरिँदै गएको सङ्केत गरेको छ ।

सन् १९४८ मा इजरायल स्थापना भएयता लेबनानसँगको द्वन्द्व औपचारिक रूपमा अन्त्य नभएको अवस्थामा अहिलेको अवस्था थप जटिल बनेको देखिन्छ । यस समग्र परिस्थितिमा पाकिस्तानको मध्यस्थताले कूटनीतिक समाधानतर्फ नयाँ सम्भावना खोल्ने अपेक्षा गरिएको छ ।

# भारतमा महिला आरक्षण विधेयक बहसमा

नयाँदिल्ली, १६ अप्रिल (एपी) । भारतको संसद्मा महिलाका लागि एकतिहाइ सिट आरक्षण सुनिश्चित गर्ने ऐतिहासिक विधेयकमाथि बिहीबारदेखि बहस सुरु भएको छ । यस कदमले महिलाको राजनीतिक प्रतिनिधित्व बढाउने अपेक्षा गरिए पनि निर्वाचन क्षेत्र पुन: सीमाङ्कनसँग जोडिएकाले देशको राजनीतिक सन्तुलनमा गहिरो प्रभाव पार्न सक्ने बहस चर्किएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले अघि बढाउनुभएको यो प्रस्ताव पारित भएमा संसद् र राज्य विधानसभामा महिलाका लागि ३३ प्रतिशत सिट अनिवार्य गर्ने सन् २०२३ को कानुनलाई व्यवहारमा छिटो लागू गर्नेछ । यो स्वतन्त्रता पछिको भारतमा राजनीतिक प्रतिनिधित्वमा सबैभन्दा ठूलो संरचनात्मक परिवर्तनमध्ये एक मानिनेछ, जसले महिलाको सहभागिता उल्लेख्य रूपमा बढाउने सम्भावना देखिएको छ ।

तर, यही विधेयकलाई मतदाताको सिट सीमा पुन: निर्धारणसँग जोडिएको अर्को विवादास्पद प्रस्तावले जटिल बनाएको छ । उक्त पुन: सीमाङ्कन लागू भएमा लोकसभाको सिट सङ्ख्या हालको ५४३ बाट बढेर करिब ८५० पुग्न सक्ने अनुमान गरिएको छ । यस विषयले राजनीतिक वृत्तमा तीव्र बहस जन्माएको छ ।

संसद्मा महिला आरक्षणप्रति व्यापक द्विदलीय समर्थन देखिए पनि निर्वाचन सीमाङ्कनसम्बन्धी प्रस्तावले विपक्षी दलहरूको गम्भीर चिन्ता बढाएको छ । उनीहरूले जनसङ्ख्याका आधारमा सिट पुन: निर्धारण हुँदा राजनीतिक शक्ति उत्तरी राज्यतर्फ केन्द्रित भई सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्न सक्ने आरोप लगाएका छन् ।

यो विधेयक संसद्को तीनदिने विशेष सत्रमा छलफलमा रहेको छ र पारित हुन दुवै सदनमा दुईतिहाइ बहुमत आवश्यक पर्नेछ ।

एसियाली क्षेत्रका नेपाल र बङ्गलादेशजस्ता देशहरूले राष्ट्रिय संसद्मा महिलाका लागि यस्तै कोटा प्रणाली अपनाइसकेका छन् । भारतले स्थानीय निकायमा एक तिहाइ महिला आरक्षण लागू गरिसकेको भए पनि राष्ट्रिय संसद्मा महिलाको प्रतिनिधित्व हाल करिब १४ प्रतिशत मात्र छ ।

समर्थकहरूले यो आरक्षणले सयौं महिलालाई प्रत्यक्ष रूपमा विधायिकी राजनीतिमा ल्याउने र महिला स्वास्थ्य, शिक्षा तथा लैङ्गिक हिंसासम्बन्धी नीतिमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेका छन् । तर, विस्तारित संसद्मा सिट बाँडफाँट कसरी गर्ने भन्ने विषय अझै स्पष्ट छैन ।

महिला अधिकारकर्मी रञ्जना कुमारीले यो कदमलाई भारतको लोकतन्त्रलाई अझ प्रतिनिधिमूलक बनाउने अवसरका रूपमा व्याख्या गर्नुभयो । उहाँका अनुसार राजनीतिक दलहरू अब थप महिला उम्मेदवार खडा गर्न बाध्य हुनेछन् । "ढोका अलि खुला भएको छ, महिलाहरू बिस्तारै भित्र पस्नेछन् र अन्तत: त्यो ठाउँ भरिनेछ," उहाँले भन्नुभयो ।

युवापुस्तामा पनि यो प्रस्तावले उत्साह जगाएको छ । २३ वर्षीया कानुन स्नातक प्रणिता गुप्ताले यसले महिलालाई राजनीतिमा सक्रिय हुने आत्मविश्वास दिने बताउनुभयो । उहाँका अनुसार संसद्मा महिलाको उपस्थितिले सहभागिताको सोचलाई नै परिवर्तन गर्न सक्छ ।

तर, सबैभन्दा ठूलो विवाद निर्वाचन क्षेत्र पुन: सीमाङ्कन प्रक्रियामा केन्द्रित छ, जुन सन् २०११ को जनगणनाको आधारमा अघि बढाइने भनिएको छ । यसले लामो समयदेखि रोकिएको निर्वाचन क्षेत्रहरूको सीमाङ्कन (कुन क्षेत्रबाट कति सांसद चुनिने भन्ने भूगोल पुन: निर्धारण गर्ने प्रक्रिया) फेरि सुरु हुन सक्ने देखिएको छ ।

विपक्षी दलहरूले जनसङ्ख्याका आधारमा सीमाङ्कन गर्दा शक्ति सन्तुलन उत्तर भारततर्फ झुक्ने र दक्षिणी राज्यहरूको प्रतिनिधित्व घट्ने चेतावनी दिएका छन् । उनीहरूको भनाइमा यसले राजनीतिक प्रभाव मात्र नभई क्षेत्रीय असन्तुलन पनि बढाउन सक्छ । साथै, यो प्रक्रिया सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को पक्षमा अनुकूल हुन सक्ने आरोपसमेत लगाइएको छ ।

भारतको संविधानले प्रत्येक जनगणनापछि सिट पुन: निर्धारण गर्नुपर्ने व्यवस्था गरेको भए पनि सन् १९७१ यता यो प्रक्रिया रोकिएको छ । लगातार सरकारहरूले जनसङ्ख्या असन्तुलनका कारण यसलाई स्थगित गर्दै आएका थिए ।

दक्षिणी राज्यका नेताहरूले पनि आपत्ति जनाउँदै यसले ती क्षेत्रहरूलाई राजनीतिक रूपमा कमजोर बनाउने र उत्तर भारतलाई असमान रूपमा फाइदा दिने बताएका छन् । जनसङ्ख्या नियन्त्रणमा सफलता हासिल गरेका दक्षिणी राज्यहरू यस प्रक्रियाबाट दण्डित हुन सक्ने उनीहरूको दाबी छ ।

# इरानको विश्वकप यात्रा सुनिश्चित

वासिङ्टन, १६ अप्रिल (एएफपी) । मध्यपूर्वमा जारी तनाव र युद्धको प्रभावबिच पनि इरानको सन् २०२६ को विश्वकप सहभागिता निश्चित रहेको फिफा अध्यक्ष जियानी इन्फान्टिनोले स्पष्ट पार्नुभएको छ । उहाँका अनुसार खेलकुदलाई राजनीतिक द्वन्द्वबाट अलग राख्नुपर्छ र योग्यताका आधारमा इरानले प्रतियोगितामा भाग लिन पाउनु अनिवार्य छ । सिएनबिसीद्वारा आयोजित एक आर्थिक सम्मेलनमा बोल्दै इन्फान्टिनोले इरानको सहभागितामा कुनै अन्योल नरहेको बताउनुभयो । "इरान निश्चित रूपमा विश्वकपमा आउँछ । हामी आशा गर्छौं कि त्यसबेलासम्म परिस्थिति शान्त हुनेछ, जसले सबैका लागि सहज बनाउनेछ," उहाँले भन्नुभयो । साथै उहाँले इरानी टोलीले आफ्ना नागरिकको प्रतिनिधित्व गर्ने भएकाले उनीहरूलाई खेल्नबाट रोक्न नहुने धारणा व्यक्त गर्नुभयो ।

यसअघि पनि उहाँले मार्च महिनामा टर्कीको अन्टाल्यामा भएको इरान र कोस्टारिकाबिचको मैत्रीपूर्ण खेलका क्रममा यस्तै धारणा सार्वजनिक गर्नुभएको थियो । तर, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी खेलाडीहरूको सुरक्षाबारे चिन्ता व्यक्त गर्दै उनीहरू अमेरिका भ्रमणमा सुरक्षित नहुन सक्ने सङ्केत दिनुभएको थियो ।

तालिकाअनुसार इरानले आफ्नो समूह 'जी' अन्तर्गतका तीन खेल संयुक्त राज्य अमेरिकामै खेल्नेछ, जसमा दुई खेल लस एन्जलसमा र एक खेल सिएटलमा हुनेछ । टोलीको आधार शिविर एरिजोनाको टक्सनमा रहने तय गरिएको छ ।

संयुक्त राज्य अमेरिका, क्यानाडा र मेक्सिकोले सह-आयोजना गर्ने यस विश्वकपमा इरानको सहभागिता फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल र इरानबिचको द्वन्द्वका कारण अन्योलमा परेको थियो । त्यसक्रममा इरानले आफ्ना खेलहरू अमेरिकाबाट सारेर मेक्सिकोमा गर्न आग्रहसमेत गरेको थियो, तर फिफाले उक्त प्रस्ताव अस्वीकार गरेको थियो ।

क्षेत्रीय तनाव बढ्दै जाँदा इजरायल र अन्य देशहरूसँग इरानको हवाई आक्रमण र प्रतिशोधका घटनाहरू केही हप्तासम्म जारी रहे । अन्तत: अप्रिल ८ मा एक नाजुक युद्धविराम लागू भएको थियो । यद्यपि, इरानले स्ट्रेट अफ होर्मुज बन्द गरेको छ भने अमेरिकाले इरानी बन्दरगाहसँग सम्बन्धित जहाजहरूमा अवरोध लगाउन सुरु गरेको छ ।

यस जटिल अवस्थाबिच पनि इन्फान्टिनोले खेलकुदले पुलको काम गर्नुपर्ने बताउनुभयो । "खेलकुद राजनीतिभन्दा बाहिर हुनुपर्छ । यदि कसैले पुल निर्माण गरेर सम्बन्ध जोड्ने काम नगरे, हामी त्यसका लागि प्रयासरत छौं," उहाँले जोड दिनुभयो ।

पहिलोपटक ४८ टोली सहभागी हुने यस विश्वकप जुन ११ देखि सुरु हुँदैछ, जहाँ विश्वभरका टोलीहरूबिच प्रतिस्पर्धा हुने तयारी भइरहेको छ ।

# आमाको माया र बदलिँदो मातृ दिवसको सामाजिक अर्थ

✍ सुनिता गाइसी, उपप्राध्यापक समाजशास्त्र

सन्दर्भ मातातीर्थ औँसी, वैशाख कृष्ण औँसीलाई आमाको मुख हेर्ने दिनको रूपमा मनाइन्छ। मातृ दिवस भावनात्मक पर्व मात्र होइन, यो परिवार, नातासम्बन्ध र सामाजिक संरचनाभित्र आमाको भूमिकालाई पुन: पुष्टि गर्ने एक महत्त्वपूर्ण सांस्कृतिक अभ्यास हो। यसले आमाको अदृश्य श्रम, भावनात्मक योगदान, सन्तान पालनपोषण र सामाजीककरण प्रक्रियामा उहाँको केन्द्रीय भूमिकालाई सार्वजनिक रूपमा स्वीकार गर्ने अवसर प्रदान गर्छ। मातृ दिवसले समाजमा आमा-सन्तान सम्बन्धलाई अझ मजबुत बनाउने मात्र होइन, पारिवारिक




मूल्य, संस्कार र सामाजिक एकताको पुन: स्मरण गराउने काम पनि गर्छ। यसले महिलाको श्रम र योगदानलाई दृश्य बनाउने सामाजिक चेतना पनि विस्तार गर्छ।

समाजशास्त्रीय दृष्टिले, आमा जैविक सम्बन्धको आधारमा मात्र नभई सामाजिक संस्थाको केन्द्र पनि हुनुहुन्छ। परिवारभित्र उहाँ सन्तानको पालनपोषण गर्दै उनीहरूको शारीरिक, मानसिक र भावनात्मक विकासमा मुख्य भूमिका खेल्नुहुन्छ। उहाँ सन्तानलाई समाजका मूल्य, मान्यता, संस्कार र व्यवहार सिकाउने सामाजिकीकरणको पहिलो र सबैभन्दा प्रभावशाली माध्यमको रूपमा काम गर्नुहुन्छ। बाल्यकालमा बच्चाले बोल्न, व्यवहार गर्न, सोच्न र सामाजिक नियम बुझ्न आमाबाटै सिक्छ। यसरी आमा पहिलो शिक्षक मात्र नभई "प्राथमिक सामाजिकीकरणकर्ता" पनि हुनुहुन्छ। त्यसैले व्यक्तित्व निर्माणमा आमाको भूमिका निर्णायक मानिन्छ।

आजको मातृ दिवस केवल औपचारिक पर्व होइन, यसले हाम्रो संस्कृति, सम्बन्ध र भावनात्मक सम्बन्धलाई पुन: जोड्ने अवसर प्रदान गर्छ। नेपाली समाजमा मातृ दिवसको विशेष महत्त्व छ किनकि यहाँ आमा परिवारको आधार मात्र होइन, सम्पूर्ण घरको शक्ति र संस्कारको केन्द्र हुनुहुन्छ। आज मातृ दिवस मनाउने तरिकामा परिवर्तन आएको छ। पहिले आमाको मुख हेर्ने, मिठाइ र फलफूल लिएर आशीर्वाद लिन जाने, घरमै बसेर आमा-सन्तानबिच आत्मीय कुराकानी गर्ने र भावना साट्ने परम्परा थियो। आमासँग प्रत्यक्ष समय बिताउने, उहाँको हातबाट आशीर्वाद लिने चलनले पारिवारिक सम्बन्ध अझ मजबुत बनाउँथ्यो।

तर अहिले आधुनिकताको प्रभावले धेरै परिवर्तन आएको छ। पहिलेको कुरा आत्मसात गरे पनि धेरैले सामाजिक सञ्जालमा फोटो पोस्ट गर्ने, फेसबुक, म्यासेन्जर वा अन्य माध्यमबाट शुभकामना दिने गर्छन्। कतिपयले घरभन्दा बाहिर रेस्टुरेन्ट जाने, केक काट्ने र फोटो सेसन गर्ने जस्ता आधुनिक शैली अपनाएका छन्। यी अभ्यास नराम्रा त होइनन् तर यसले कहिलेकाहीँ आफ्नोपन, भावनात्मक आत्मीयता र पारिवारिक न्यानोपन कमजोर बनाएको महसुस हुन्छ।

यसरी आधुनिकता बढ्दै जाँदा हाम्रो आफ्नोपन र प्रत्यक्ष भावनात्मक सम्बन्ध केही हदसम्म हराउँदै गएको देखिन्छ। संस्कृति परिवर्तन हुनु स्वाभाविक भए पनि आफ्ना मूल्य-मान्यतालाई जोगाउनु आवश्यक छ। मातृ दिवस केवल देखावटी उत्सव होइन, यो आमा र सन्तानबिचको गहिरो सम्बन्धलाई अझ मजबुत बनाउने अवसर हो।

नेपाली सन्दर्भमा मातृ दिवसको महत्त्व अझ गहिरो छ। यहाँ आमा जन्म दिने व्यक्ति मात्र होइन, सम्पूर्ण जीवनको मार्गदर्शक, संस्कार दिने पहिलो गुरु र परिवारलाई एकतामा बाँध्ने शक्ति हुनुहुन्छ। त्यसैले यस दिनले आमा-सन्तान सम्बन्धलाई सम्मान, समझना र कृतज्ञतामा बदल्ने अवसर दिन्छ।

हामी सन्तानको कर्तव्य मातृ दिवसमा शुभकामना दिने मात्र होइन, हरेक दिन आमालाई सम्मान गर्नु, माया गर्नु र सेवा गर्नु हो। उहाँहरूको भावना बुझ्नु, समय दिनु, सहयोग गर्नु र खुसी राख्नु हाम्रो जिम्मेवारी हो। आधुनिकताको नाममा आफ्ना संस्कार र पारिवारिक मूल्यहरू बिर्सनु हुँदैन। आजको आधुनिक समाजमा धेरै सामाजिक समस्याहरू देखिन थालेका छन्। तीव्र प्रविधि विकास, सामाजिक सञ्जालको प्रभाव र पाश्चात्य संस्कृतिको बढ्दो प्रभावका कारण किशोर-किशोरीहरूमा मूल्य-मान्यताको कमी, गलत सङ्गत र अस्वस्थ जीवनशैलीतर्फ आकर्षण बढ्दो देखिन्छ। परिवारको भूमिकामा पनि चुनौती थपिएको छ। यस्तो अवस्थामा आमाको भूमिका झन् महत्त्वपूर्ण हुन्छ। सन्तानलाई सही मार्ग देखाउने, नैतिक शिक्षा दिने र गलत बाटोमा जान नदिने पहिलो जिम्मेवारी आमाकै हुन्छ। तर, आधुनिक व्यस्त जीवनशैलीका कारण आमाबुबा र सन्तानबिचको संवाद घट्दै गएको छ, जसले पुस्ताबिचको दूरी बढाएको छ। आजको आवश्यकता भनेको छोराछोरीलाई सानै उमेरदेखि सचेत, जिम्मेवार र संस्कारयुक्त बनाउनु हो ताकि उनीहरू सामाजिक विकृति, गलत लत र अस्वस्थ प्रभावबाट टाढा रहन सकून्। परिवारभित्र खुला संवाद, विश्वास र समझदारी कायम राख्न सके मात्र यस्ता समस्याबाट बच्न सकिन्छ। विशेषगरी विवाहपछि टाढा रहेका छोरी-बुहारीहरूले पनि आफ्ना आमासँग सम्बन्ध कायम राख्नु अझ महत्त्वपूर्ण हुन्छ। यसले पारिवारिक सम्बन्धलाई मजबुत बनाउनुका साथै भावनात्मक सहारा पनि प्रदान गर्छ।

हामी सन्तानको कर्तव्य मातृ दिवसमा शुभकामना दिने मात्र होइन, हरेक दिन आमालाई सम्मान गर्नु, माया गर्नु र सेवा गर्नु हो। उहाँहरूको भावना बुझ्नु, समय दिनु, सहयोग गर्नु र खुसी राख्नु हाम्रो जिम्मेवारी हो।

आज जब समाज बदलिँदै गएको छ, मातृ दिवसले हामीलाई हाम्रो जरा, संस्कार र पारिवारिक मूल्य सम्झाउने महत्त्वपूर्ण भूमिका खेल्छ। आमाको माया अमूल्य हुन्छ, जसको तुलना संसारका कुनै पनि धन-सम्पत्तिसँग गर्न सकिँदैन।

# शैक्षिक संस्थामा आइतबार बिदा सही होला र ?

✍ निश्चल

विगतका वर्षहरूमा भए नयाँ शैक्षिक सत्र सुरू भएर पठनपाठन अगाडि बढिसकेको अवस्था थियो। अहिले भने २०८३ सालको शैक्षिक सत्र सुरू हुन सकेको छैन। यही समयमा विद्यालय र विद्यालय सञ्चालकहरू विद्यालय कसरी सञ्चालन गर्ने भन्ने विषयलाई लिएर अन्योलमा छन्। कारण, नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले २०८२ चैत २३ गतेदेखि लागू हुने गरी देशभर शनिबार र आइतबार हप्ताको दुई दिन सार्वजनिक बिदा गर्ने निर्णय गरी परिपत्र गरेको छ। नेपालको संविधान तथा प्रचलित कानुन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहलाई दिएको छ। यस्तो व्यवस्था हुँदाहुँदै पनि सरकारले वैशाख १५ गतेबाट शैक्षिक सत्र सुरू गर्ने र वैशाख २१ गतेबाट पठनपाठन सुरू गर्ने निर्णय गरी परिपत्र गरेको छ। जुन आफैमा विरोधाभास छ। यसले शिक्षक, विद्यार्थी, विद्यालय, अभिभावकमा अन्योल पैदा गरेको छ।

एउटा उक्ति छ, शिक्षा बिग्रियो भने सबै बिग्रन्छ र शिक्षा सुध्रियो भने सबै सुध्रिन्छ। यस उक्तिलाई सबैले बुझेकै हुनुपर्छ। बालबालिकाले विद्यालयमा जे सिक्छ जीवनभर त्यही गर्छ कारण विद्यालय बालबालबालिकाको लागि रोल मोडल हो। तर, अहिले यहाँ विद्यालय सञ्चालन गर्ने विद्यालयका प्रधानाध्यापक, प्रिन्सिपलहरू एक आपसमा सल्लाह गरिरहेको अवस्थामा छ भने समितिहरू पनि एकआपसमा विद्यालय सञ्चालन गर्न सल्लाह गरिरहेको अवस्थामा छन्।

भनिन्छ, कुनै देशलाई ध्वस्त पार्नु छ भने त्यस देशको शिक्षा क्षेत्रलाई बिगारे पुग्छ। यसतर्फ पनि विचार गर्नु आवश्यक छ। नेपाल जहाँ सार्वजनिक बिदा नै धेरै छ। यस्तो हुँदाहुँदै पनि फेरि हप्ताको दुई दिन बिदा दिने निर्णय सरकारले हतारमा गरेको हो कि भन्ने जनगुनासो अहिले समुदायमा छ। सरकारले पूर्ण तयारीबिना नै त्यसबाट पर्ने दीर्घकालीन असर तथा उपलब्धिको विश्लेषणबिना हतारमा निर्णय गरी परिपत्र गरेको गुनासो अभिभावक र विभिन्न समितिहरूको रहेको छ। अभिभावक सङ्घ नेपालले विभिन्न निकायमा विद्यालय पूर्ववत रूपमा सञ्चालन गर्न ज्ञापनपत्र बुझाइरहेको छ। वर्तमान सरकारले विद्यालय सञ्चालनबारे विस्तृत अध्ययन नै नगरी हप्ताको दुई दिन शनिबार र आइतबार बिदा दिने निर्णय खोटपूर्ण भएको समितिले निष्कर्ष निकालेको छ। कुनै सोच र दूरगामी असरको ख्याल नै नगरी हतारमा गरेको निर्णय र वैशाख २१ गते मात्र नानीहरूलाई विद्यालय पठाउँदा पढाइमा असर पर्ने ठहर अभिभावक सङ्घको रहेको छ।

हप्तामा दुई दिन सार्वजनिक बिदाले सम्भावना देखिन्छ। अर्थात् भर्खर भर्ना भएका साना विद्यार्थीहरू एक त रोएर विद्यालय गइरहेका हुन्छन्। त्यसमाथि थप बिदाले त्यो झन् बढ्ने देखिन्छ। त्यसैगरी विद्यार्थीको अनुशासनमा कमी आउन सक्छ। धेरै दिन घर बस्दा र धेरै खाली समय हुँदा मोबाइल, टीभी वा भिडियो गेममा अत्यधिक समय बिताउने सम्भावना हुन्छ। जसले गर्दा कक्षाकोठामा अनुशासनको कमी हुने सम्भावना देखिन्छ भने विद्यार्थी विद्यालय वातावरणबाट टाढा हुन सक्छन्।



केही क्षेत्रमा केहीलाई उपलब्धि त होला तर शिक्षा क्षेत्रजस्तो संवेदनशील र जिम्मेवार क्षेत्रमा दुई दिन बिदा अलि अस्वाभाविक हुने देखिन्छ। सरकारले यस्तो निर्णय गर्दा सरोकारवाला पक्षसँग गम्भीर भएर छलफल गर्नुपर्ने हो। यसरीबिना छलफल यस प्रकारको निर्णयले शिक्षा क्षेत्रलाई भविष्यमा ठूलो असर र क्षति पर्न सक्छ। अहिलेको समय भनेको अधिकांश शैक्षिक संस्था र समितिले शैक्षिक सत्र २०८३ को लागि शैक्षिक पात्रो बनाएर सोअनुसार विद्यालय सञ्चालन गर्न छापिसकेको अवस्था छ।

वर्तमान अवस्थामा दुई दिन सार्वजनिक बिदाले शैक्षिक क्षेत्रमा कस्तो असर पर्न सक्छ त ? यसतर्फ पनि सम्बन्धित निकाय र पक्षले छलफल गर्नु र सोच्नु आवश्यक छ। लामो बिदाले विद्यार्थीको पढाइको निरन्तरतामा असर पर्ने देखिन्छ। यसरी हप्ताको दुई दिन बिदाले केही विद्यार्थीहरू पढाइबाट टाढा हुने सम्भावना देखिन्छ। विशेषगरी साना कक्षाका विद्यार्थीहरूलाई यसले असर पर्ने

सबै विद्यार्थीहरू एकैथरीका हुँदैनन् र सबै विषयमा राम्रा हुँदैनन्। त्यसैले कमजोर विद्यार्थीलाई झन् कठिन हुन्छ। पहिले नै कमजोर भएका विद्यार्थीले गर्ने अभ्यास छुट्दा अझै पछाडि पर्न सक्छन् र कमजोर विद्यार्थी झन्झन् पछि पर्छन्। दुई दिन बिदाको अर्को चुनौती विद्यालय समय व्यवस्थापनमा चुनौती हो। अहिलेको पाठ्यक्रम हप्ताको पाँच दिनको आधारमा बनाइएको हो। उक्त पाठ्यक्रम पूरा गर्न विद्यालयले समय मिलाउन गाह्रो हुन सक्छ। जसले गर्दा सबै विषयको पाठ पूरा गर्न शिक्षकलाई कठिन त हुन्छ नै अर्कोतर्फ हतारमा पाठ पूरा गर्दा विद्यार्थीले गाह्रो गरी बुझ्नुपर्ने हुन्छ। यसरी हतारमा पाठ सम्पन्न गर्ने र विद्यार्थीले गाह्रो गरी बुझेर परीक्षामा सहभागी हुँदा सिकाइ उपलब्धिमा विगतमाभन्दा कमी आउने देखिन्छ।

त्यसैले सरकार र सम्बन्धित निकायले यस प्रकारको निर्णयले पर्ने दूरगामी असर र प्रभावलाई मध्यनजर गरी पुनर्विचार गर्नु आवश्यक छ।

## अथातो...

चुल्हो पनि छुट्यो र सारा संसारभरि घुमक्कडी गर्न बाध्य भए, जसले पछि उनीहरूलाई 'मारवाडी सेठ' बनायो; वा यसरी भनौँ कि घुमक्कडी-धर्मको एउटा सानो छिटा मात्र पर्नाले मारवाडी सेठहरू भारतका यहुदी बने।

जसले यस धर्मको अवहेलना गऱ्यो, उसले रगतको आँसु बगाउनुपऱ्यो। अहिले यी बिचराहरूले ठूलो कुर्बानी (बलिदान) पछि र दुई हजार वर्षको घुमक्कडीको अनुभवको बलमा फेरि आफ्नो स्थान प्राप्त गरेका छन्। आशा छ, स्थान प्राप्त गरेपछि उनीहरू फेरि चुल्होमा टाउको हालेर बस्ने बन्ने छैनन्। अस्तु।

सनातन-धर्मबाट पतित भएका यहुदी जातिले महान् पापको प्रायश्चित वा दण्ड घुमक्कडीकै रूपमा भोगनुपऱ्यो र अहिले आएर उनीहरूले खुट्टा टेक्ने ठाउँ पाएका छन्। आज भारत अडानमा छ। यसले यहुदीहरूको भूमि र राज्यलाई स्वीकार गर्न तयार छैन। जब ठूला-ठूलाले स्वीकार गरिसकेका छन् भने, कति दिनसम्म यो हठधर्मी चल्ला र ? तर, विषयान्तर नभई हामीले के भन्नु थियो भने- यो घुमक्कडी धर्म नै हो, जसले यहुदीहरूलाई व्यापारमा कुशल र उद्योगमा निपुण मात्र बनाएन, बरु विज्ञान, दर्शन, साहित्य, सङ्गीत सबै क्षेत्रमा चम्किने मौका दियो।

पहिले यस्तो सोचिन्थ्यो कि व्यापारी र घुमक्कड यहुदीहरू युद्ध-विद्यामा कच्चा निस्कनेछन्; तर उनीहरूले पाँच-पाँचवटा अरबी साम्राज्यहरूको सारा फूर्तीलाई धुलोमा मिलाएर पछारिदिए र सबैले नाक रगडेर उनीहरूसँग शान्तिको भिक्षा मागे।

यति भनेपछि अब यसमा कुनै सन्देह रहेन कि संसारमा घुमक्कड-धर्मभन्दा ठूलो अर्को कुनै धर्म छैन। 'धर्म' भन्नु पनि एउटा सानो कुरा हो, यसलाई घुमक्कडसँग जोड्नु त "महिमा घट्यो समुद्रको, रावण बस्यो छिमेकमा" (महिमा घटो समुद्र की, रावण बसा पडोस्) भनेजस्तै हुनेछ।

घुमक्कड हुनु मानिसका लागि परम सौभाग्यको कुरा हो। यस मार्गले आफ्ना अनुयायीलाई मरेपछि पाउने कुनै काल्पनिक स्वर्गको प्रलोभन दिँदैन; यसको लागि त भन्न सकिन्छ- "कस्तो गज्जबको नगद व्यापार छ, यो हातले ले, त्यो हातले दे।" घुमक्कडी त्यही व्यक्तिले गर्न सक्छ, जो निश्चिन्त छ। कुन साधनहरूले सम्पन्न भएर मानिस घुमक्कड बन्ने अधिकारी हुन सक्छ, त्यो अगाडि बताइनेछ तर घुमक्कडीका लागि चिन्तामुक्त हुनु आवश्यक छ र चिन्तामुक्त हुनका लागि घुमक्कडी पनि आवश्यक छ। यी दुवै एक-अर्कामा आश्रित हुनु कुनै दोष होइन, बरु गहना (भूषण) हो।

घुमक्कडी भन्दा ठूलो सुख अरू कहाँ मिल्न सक्छ र ? आखिर चिन्ताहीन हुनु नै त सुखको सबैभन्दा स्पष्ट रूप हो। घुमक्कडीमा कष्टहरू पनि हुन्छन् तर त्यसलाई भोजनमा खुर्सानीजस्तै सम्झनुहोस्। यदि खुर्सानीमा पिरोपन भएन भने, के कुनै खुर्सानीप्रेमीले त्यसलाई हात लगाउला र ? वास्तवमा, घुमक्कडीमा कहिलेकाहीँ हुने ती तीता अनुभवहरूले यसको रसलाई झन् बढाइदिन्छन्, ठीक त्यसरी नै जसरी कालो पृष्ठभूमिमा चित्र अझ बढी निखारिएर आउँछ।

व्यक्तिका लागि घुमक्कडी (भ्रमणशीलता) भन्दा ठूलो अर्को कुनै 'नगद धर्म' छैन। जातिको भविष्य घुमक्कडहरूमा नै निर्भर गर्दछ, त्यसैले म भन्छु कि हरेक तरुण र तरुणीले घुमक्कड-व्रत ग्रहण गर्नुपर्छ। यसका विरुद्ध दिइने सबै प्रमाणहरूलाई झूटो र व्यर्थ सम्झिएर सामना गर्नुपर्छ। माता-पिताले विरोध गर्छन् भने उनीहरूलाई बुझाउनुपर्छ कि उनीहरू पनि प्रह्लादका माता-पिताका 'नयाँ संस्करण' हुन्। इष्ट-मित्रले बाधा उत्पन्न गर्छन् भने सम्झाउनुपर्छ कि उनीहरू 'दिवान्ध' (दिउँसै नदेख्ने) हुन्।

यदि धर्म-धर्माचार्यहरूले केही उल्टोपाल्टो तर्क दिन्छन् भने बुझ्नुपर्छ कि यिनै ढोँग र ढोँगीहरूले संसारलाई कहिल्यै सरल र साँचो मार्गमा हिँड्न दिएका छैनन्। राज्य र राजकीय नेताहरूले आफ्ना कानुनी अड्चनहरू हाल्छन् भने, हजारौँपटक अनुभव गरिएको कुरा यो हो कि- महानदीको वेगलाई जस्तै घुमक्कडको गतिलाई रोक्ने कोही पनि यस संसारमा जन्मिएको छैन। ठूलठूला र कठोर पहरा भएका राज्य-सिमानाहरूलाई घुमक्कडहरूले आँखामा छारो हालेर पार गरेका छन्। मैले स्वयं यस्तो एक पटकभन्दा बढी गरेको छु। *(मेरो पहिलो तिब्बत यात्रामा अङ्ग्रेजहरू, नेपाल-राज्य र तिब्बतका सीमा-रक्षकहरूको आँखामा छारो हालेर जानु परेको थियो।)*

सङ्क्षेपमा हामी यो भन्न सक्छौँ कि यदि कुनै तरुण-तरुणीले घुमक्कड-धर्मको दीक्षा लिन्छन् - म यो अवश्य भन्छु कि यो दीक्षा त्यही व्यक्तिले लिन सक्छ, जसमा प्रचुर मात्रामा हरेक प्रकारको साहस छ- भने उनले कसैको कुरा सुन्नु हुँदैन। न त आमाका आँसुको पर्वाह गर्नुपर्छ, न बुबाको डर र उदासीको; न भूलवश विवाह गरी ल्याइएकी श्रीमतीको रुवावासीको फिक्री गर्नुपर्छ, न त कुनै तरुणीले आफ्ना अभागी श्रीमान्को विलापको। बस, शङ्कराचार्यका शब्दहरूमा यति मात्र बुझ्नुपर्छ- "निस्त्रैगुण्ये पथि विचरत: को विधि: को निषेधा:" (अर्थात्, गुणहरूभन्दा माथि उठेर यस मार्गमा हिँड्नेका लागि न कुनै नियम हुन्छ, न कुनै बन्धन)।

मेरा गुरु 'कपोतराज' को वचनलाई आफ्नो पथप्रदर्शक बनाउनुपर्छ :

"सैर कर दुनिया की गाफिल, जिंदगानी फिर कहाँ ?
जिंदगी गर कुछ रही तो नौजवानी फिर कहाँ ?"

(अर्थात्, ए वेपरवाह मन ! यो संसारको सयर गर, यस्तो जीवन फेरि कहाँ पाइन्छ र ? यदि जीवन बाँचिएछ नै भने पनि यो जवानी फेरि कहाँ फर्केर आउँछ र ?)

संसारमा मनुष्य-जन्म एकपटक मात्र हुन्छ र जवानी पनि एकपटक मात्र आउँछ। साहसी र मनस्वी तरुण-तरुणीहरूले यो अवसर गुमाउनु हुँदैन। कम्मर कस भावी घुमक्कडहरू हो ! संसार तिमीहरूको स्वागतका लागि आतुर छ।

***(राहुल सांकृत्यानको कृति 'घुमक्कड शास्त्र' बाट अनुदित)***
***- 'दायित्वबोध' बाट***

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## पसल तथा शौचालय भवन (कोठा) बहालमा सञ्चालन गर्न दिनेसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८३।०१।०४**

यस नगरपालिकाको स्वामित्वमा रहेका देहायका पसल (गोदाम कोठा) तथा शौचालयहरू बहालमा सञ्चालन गर्न दिइने भएकोले बहालमा लिन इच्छुक व्यक्ति वा फर्महरूले तल उल्लेखित सर्त मञ्जुर गरी न्यूनतम वार्षिक बहाल रकममा बढाई के कति वार्षिक बहालमा लिन चाहने हो, आफूले कबुल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम नेपाल बैङ्क लिमिटेड भक्तपुर शाखा, भक्तपुर नगरपालिकाको धरौटी खाता नं ०१९०३०००००३००००००००३ मा जम्मा गरेको सक्कल भौचर र आवश्यक कागजातसमेत बुझाई यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा भक्तपुर नगरपालिकामा प्राप्त हुने गरी सिलबन्दी दरभाउपत्र पेस गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रीत नपुगेको दरभाउपत्रउपर कुनै कारबाही हुनेछैन । दर्ता हुन आएका दरभाउपत्र मिति २०८३।०१।११ गते शुक्रबार बिहान ११:०० बजे नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बुझाउने अन्तिम दिन र खोलिने दिन बिदा परेमा त्यसको भोलिपल्टको सोही समय कायम हुनेछ । दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नपामा निहित हुनेछ ।

**सर्तहरू**

१) दरभाउपत्रदाताले दरभाउपत्र फाराम भर्दा नगरपालिकाबाट वितरित फारममा नै भर्नुपर्नेछ । दरभाउपत्र फारम फिर्ता नहुने गरी कर उपशाखामा रू. १०००।- दस्तुर तिरी लिनुपर्नेछ ।
२) दरभाउपत्र पेस गर्दा खामको बाहिर कुन पसल (गोदाम) वा शौचालयको लागि दरभाउपत्र पेस गर्न लागेको हो, सो र दरभाउपत्रदाताको नाम स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । जसको नामबाट दरभाउपत्र खरिद गरेको हो निजकै नामबाट दर्ता गर्नुपर्नेछ ।
३) पसल (गोदाम कोठा) तथा शौचालयहरूको न्यूनतम कबोल अङ्क तपसिलमा उल्लेख गरिएको छ ।
४) धरौटी रकम बैङ्क दाखिला गर्दा तीन प्रतिको धरौटी भौचर भर्नुपर्नेछ । एकप्रति सक्कल भौचर र अन्य तोकिएको कागजात सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।
५) उपरोक्त सम्बन्धमा अन्य जानकारी लिनुपरेमा यस नगरपालिकाको कर उपशाखामा सम्पर्क राख्न सकिनेछ वा कार्यालयको फोन नं. ०१-६६११५२२ मा सम्पर्क गर्न सकिनेछ ।

**बहालमा दिने पसल (गोदाम कोठा) तथा शौचालयको विवरण**

| क्र.सं. | पसल (गोदाम कोठा) तथा शौचालय | वडा नं. | न्युनतम कबोल अङ्क (वार्षिक बहाल) रकम (रू.) |
|---|---|---|---|
| १. | कमलविनायकस्थित नमुना भवन पसल नं. १ | १० | ४,९२,०००।- |
| २ | कमलविनायकस्थित नमुना भवन गोदाम कोठा नं. १ | १० | १,४४,०००।- |
| ३. | कमलविनायकस्थित नमुना भवन गोदाम कोठा नं. २ | १० | १,४४,०००।- |
| ४. | दत्तात्रयक्षेत्रस्थित सार्वजनिक शौचालय | ९ | ३०,०००।- |



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ४५ दिने चित्रकला तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **४५ दिने चित्रकला तालिम** हुने जानकारी गराउँदै सहभागी हुन इच्छुक सदस्यहरूलाई संस्थाको कार्यालयमा नाम दर्ता गराउन अनुरोध छ ।

**कार्यक्रम**
**मिति** : २०८३ वैशाख १३ गतेदेखि
**समय** : बिहान ६:३० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- प्रतिव्यक्ति

**पुनश्च** : तालिममा कक्षा ५ देखि ९ का विद्यार्थीहरू बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

**महिला तथा बालबालिका उपसमिति**

### संस्थाको ऋण सुविधा उपयोग गरौं

**पेसागत ऋण**

वार्षिक ८.५% ब्याजदरमा

♦ विभिन्न पेसामा संलग्न सदस्यहरूको घरायसी तथा व्यवसायिक आर्थिक समस्या बिना धितो समाधान गर्न ।
♦ हाल अधिकतम **पाँच लाख**सम्मको लगानी
* सर्तहरू लागु हुनेछ ।



**गतिविधि**




सिद्धि गणेश साकोस परिसर, चोर्चा टोल र पलिखेल क्षेत्र सरसफाइ कार्यक्रममा संस्थाको समिति एवं कर्मचारीहरूको सहभागिता । (वैशाख ३)

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७,चोर्चा,भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com

ACCESS BRONZE


# बालेन सरकार साँच्चिकै हाम्रो सरकार हो र ?

प्रतिनिधिसभाको निर्वाचनबाट नयाँ पुस्ता (जेनजी पुस्ता) को सरकार भनेर बालेन सरकारलाई पाउँदा हामी नयाँ पुस्ता खुसी बनेका थियौं । तर, सरकारको निर्णय हेर्दा यो सरकार हाम्रो हो र ? भन्ने प्रश्न उठ्न थालेको छ । हामीलाई त हात्ती आयो, हात्ती आयो फुस्सा बनाइएको छ ।

कक्षा १० का दाइ दिदीहरूको एसईई परीक्षाको नतिजा चाँडै प्रकाशित गर्ने कुरा सुन्दा हामी ज्यादै खुसी भएका थियौं तर परीक्षा केन्द्रमा नै कापी परीक्षण गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन हुनेमा शङ्का उत्पन्न हुन थालेको छ । परीक्षा केन्द्रमा कुन-कुन विद्यालयका को-को विद्यार्थीहरू छन् भन्ने प्रस्ट थाहा भइहाल्छ । कापी जाँच्नेले विद्यालय र विद्यार्थीलाई चिनेर नम्बर दिनेमा धाँधली नगर्ला कसरी भन्ने ? त्यसमाथि कापी जाँचेको लाइभ भिडियो फेसबुक र टिकटकमा राखेको देख्दा परीक्षाको गोपनियतामाथि औंला उठाउनुपर्ने परिस्थिति आयो । हाम्रो भविष्यमाथि खेलबाड गर्ने अधिकार कसले दियो ?

बालेन सरकारले हाम्रो भविष्यमाथि खेलबाड गर्ने अर्को निर्णय गरेको छ । शैक्षिक सत्र वैशाख १५ बाट सुरु गर्ने र हाम्रो पढाइ वैशाख २१ गतेबाट सुरु गर्ने निर्देशन पठाइएको छ । जहानियाँ राणा शासन र निरङ्कुश पञ्चायत शासनको विरोध गर्नुका कारण हामीले कक्षामा पढेको छौं । बालेन सरकारको मनपरीतन्त्र राणा शासन र पञ्चायतभन्दा कुन अर्थमा फरक छ ?

हाम्रो विद्यालयको अन्तिम परीक्षा चैतको मध्यमा सकियो, रिजल्ट चैतको २५ गते आयो । त्यसबेलादेखि वैशाख २१ गतेसम्म हामी के गरी बस्ने ? हाम्रो बाल मनोविज्ञान कसले बुझेको छ ? बालेन सरकारका मन्त्रीहरू जेनजी पुस्ताका भनिएका छन् तर हाम्रो भविष्यमाथि तिनैले खेलिरहेका छन् । वैशाख २ गतेबाट सुरु हुनुपर्ने शैक्षिक सत्र २१ गतेबाट सुरु गर्ने, अनि हप्ताको दुई दिन बिदा दिने बुद्धि बालेन सरकारलाई कहाँबाट आयो ? युरोप, अमेरिकाजस्ता धनी देशहरूमा आइतबार बिदा दिइन्छ भनेर हाम्रो देशमा पनि दिन खोजेको हो भने हामीमाथि ठुलो घात हुन्छ । हामीलाई पनि जिसस क्राइस्टको भक्त बनाउन खोजिएको हो ? विदेशमा हाम्रोमा जस्तो दसैं तिहार बिदा, गर्मी र जाडो बिदा भनेर लामो बिदा हुन्छ र ? सार्वजनिक बिदा नेपालमा जति अरु देशमा छ र ? अनि किन फेरि आइतबार बिदा दिएको ? एक वर्षमा ३६५ दिन हुन्छ, त्यसमध्ये मुश्किलले २०० दिन हाम्रो पढाइ हुन्छ । त्यसमाथि आइतबार थप बिदा दिएपछि १५० दिन पनि पढाइ हुन्न । अनि हाम्रो कोर्स सकिन्छ ? हामीले १२ महिनाको फिस तिर्ने, अनि पढाइ आधा पनि नहुने ? के यो न्यायोचित छ बालेन सरकार ?

हामी नयाँ पुस्ताको भावनाविपरीत पुराना शासक दलहरूले काम गरे, भ्रष्टाचार गरे भनेर भदौ २३ र २४ को आन्दोलनको नेतृत्व गरेको होइन र सरकार ? हाम्रा दाइ दिदीहरू ७६ जनाको बलिदान र देशको खर्बौंको सम्पत्ति ध्वस्त गरेर आएको बालेन सरकारले हामीलाई दिएको उपहार यही हो ? हामी आफ्नो अधिकारको लागि फेरि सडकमा आउनुपर्ने हो सरकार ? बेलैमा बुद्धि पलाओस् । नभए तपाईंहरूले जे सिकाउनुभयो, त्यही गर्ने त होला नि नयाँ पुस्ताले ।

*- रेजा र विद्यालयका साथीहरू*

***सम्पदा...***

पर्यटकहरू कम मात्र आकर्षित भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले नेपालभन्दा सानो देशहरूमा पर्यटकको घुइँचो हुने तर प्राकृतिक र सांस्कृतिक रूपमा धनी भएर पनि थोरै सङ्ख्यामा मात्र पर्यटक आउने यस विषयमा गहिरो चिन्तन गर्नुपर्ने बताउनुभयो ।

अर्को एक प्रसङ्गमा माध्यमिक तहसम्मको शिक्षाको एकल अधिकार संविधानमै स्थानीय तहलाई दिइएको चर्चा गर्दै शनिबार र आइतबार दुई दिन शिक्षण संस्था बिदा भएमा ९८ दिनमात्र पढाइ हुने हुँदा हालको पाठ्यक्रमअनुसार कोर्स सकाउन गाह्रो हुने शिक्षाविद्हरूबाट सुझाव प्राप्त भएको पनि उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले सम्पदाको निर्माणमा पुर्खाको योगदान रहेको चर्चा गर्दै ती सम्पदाहरूको संरक्षण गर्दै पुस्तान्तरण गर्दै जानुपर्ने बताउनुभयो ।

पुर्खाले बनाएको सम्पदाको अध्ययन र सोको संरक्षणमा ख्वप इन्जिनियरिङ कलेजमा अध्यापन हुने Urban Design and Conservation को योगदान अतुलनीय रहेको उहाँले बताउनुभयो । आफ्नो तिब्बत भ्रमणमा तिब्बतको पोताला दरबारको संरक्षणबाट आफू प्रभावित भएको उल्लेख गर्दै उहाँले भक्तपुरका सम्पदाहरूको पनि मौलिक संरक्षण गर्नुपर्ने बताउनुभयो ।

उहाँले बिस्का जात्राको सांस्कृतिक तथा पूर्वाधारगत सन्दर्भमा यातायात इन्जिनियरिङ, संरचनात्मक इन्जिनियरिङ, भूकम्प इन्जिनियरिङ, ट्राफिक इन्जिनियरिङ तथा सामाजिक इन्जिनियरिङजस्ता पाँच प्रमुख इन्जिनियरिङ क्षेत्रहरूको महत्त्व औंल्याउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले सम्पदा संरक्षणको आवश्यकता औंल्याउँदै सम्पदा संरक्षण सम्बन्धमा विशेषज्ञ तयार गर्न भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेजमा सन् २००४ मा Master in Earthquake Engineering र सन् २००५ देखि Urban Design and Conservation को अध्ययन अध्यापन सुरु गरेको चर्चा गर्नुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले सम्पदाहरूको संरक्षणमा पुराना फोटोहरूको पनि विशेष महत्त्व हुने चर्चा गर्दै मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण हुनुपर्ने बताउँदै अमूर्त सम्पदालाई आर्थिक पक्षसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उक्त कार्यक्रममा फोटोग्राफर सुनिल उलकले ‘हाम्रा सम्पदा र यसप्रति युवा पुस्ताको दायित्व’, आर्किटेक्ट बिनिता मगैयाले ‘The lost faithy of Brahma in Deopatana and restoration challenges of the Temple’, ई. विशाल महर्जनले ‘M.A.T.S.- Music across time and space; Musical experience, community identity & ritual-communal setting in Harisiddhi’ र ई. रविन कस्तीले ‘Perception of Walkability in the historic core of Bhaktapur : A Comparative study of Residents and Tourists’ विषयमा आ-आफ्नो प्रस्तुति दिनुभएको थियो । सो अवसरमा सम्पदासम्बन्धी फोटो प्रदर्शनी पनि भएको थियो ।

कार्यक्रममा आर्किटेक्ट लिवास फैजू र प्रमिला शिल्पकारले पनि बोल्नुभएको थियो ।

***भक्तपुर...***

संवैधानिक तथा कानुनी प्रावधानअनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भएकोले नगरपालिकाले पूर्वनिर्धारित शैक्षिक क्यालेन्डरअनुसार नै विद्यालय सञ्चालन गर्ने निर्णय गरेको जनाएको छ ।

नगरपालिकाका अनुसार उक्त निर्णय शिक्षा क्षेत्रका सरोकारवालाहरूको सुझाव, कानुनी व्यवस्था तथा व्यवहारिक आवश्यकतालाई मध्यनजर गर्दै गरिएको हो ।


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## तालिमसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा युवा तथा महिला लक्षित तालिमअन्तर्गत मिति २०८३ वैशाख १५ गतेदेखि तपसिलबमोजिमका तालिमहरू सञ्चालन गरिने भएको हुँदा इच्छुक नगरवासी महानुभावहरूले मिति २०८३ वैशाख १० गतेभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीको लागि आ–आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नुहोला ।

| क्र.सं. | तालिमको विषय | तालिम अवधि | मासिक शुल्क | शैक्षिक योग्यता | तालिम हुने समय |
|---|---|---|---|---|---|
| १. | पाक शिक्षा | ४ महिना | रू. ५००।- | कक्षा ८ उत्तीर्ण | बिहान ७-९ बजेसम्म |
| २. | हेयर कटिङ | ४ महिना | रू. ५००।- | कक्षा ८ उत्तीर्ण | बिहान १०-१२ बजेसम्म |
| ३. | आधारभूत सिलाइ | ६ महिना | रू. ३००।- | कक्षा ८ उत्तीर्ण | बिहान १०-१२ बजेसम्म |
| ४. | एडभान्स सिलाइ | ६ महिना | रू. ५००।- | एस.ई.ई. उत्तीर्ण | बिहान ७-९ बजेसम्म |

**नोट**: निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध छ ।
फाराम तथा टिकट दस्तुर रू. ११०।– लाग्नेछ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा